सिग्देलको निर्देशनमा चन्द्रपुर नपामा अनियमितता | पृष्ठ ३ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ • अंक २० • २०७७ साल जेठ २६ गते सोमबार (8 June, Monday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जसपा निर्वाचन आयोगमा दर्ता, ठाकुर र यादव अध्यक्ष

**टुडे समाचारदाता**

काठमाण्डु ।समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा) मिलेर गठन भएको जनता समाजवादी पार्टी(जसपा) आइतवार निर्वाचन आयोगमा दर्ता भएकोछ ।

२ जना अध्यक्ष र ३ जना वरिष्ठ नेता सहित ५१ सदस्यीय केन्द्रिय समिति रहेको जसपा आयोगमा विधिवत दर्ता भएको छ ।गत वैशाख ११ गते पार्टी एकिकरण भएको प्रतिबद्धता पत्र निर्वाचन आयोगमा दर्ता गराइएको थियो ।

निर्वाचन आयोगले दल दर्ता सम्बन्धी कागजातहरु बुझाउन दिएको ४५ दिनको समयसीमाको अन्तिम दिन दल दर्ता भएको छ ।आयोगमा जसपाको दर्ता नम्बर १३९२ रहेकोछ ।

महन्थ ठाकुर र उपेन्द्र यादव अध्यक्ष रहेको जसपामा हाल डा.बाबुराम भट्टराई, अशोक राई र राजेन्द्र महतो वरिष्ठ नेता बनेका छन् ।उनीहरुलाई पनि पदाधिकारीको रुपमा नै राखिएकोछ ।

आइतवार बिहान ठाकुर, यादव र भट्टराईबीच पदीय विभाजनमा सहमति जुटेपछि आयोगमा दल दर्ता भएको हो ।सहमति अनुसार दुवै दलबाट केन्द्रिय समितिमा २४/२४ जना रहनेछ ।दल दर्ताको क्रममा राजपाको कोटाबाट २६ जना र समाजवादीको कोटाबाट २५ जना रहेका छन् ।समाजवादीबाट २ जना सदस्य थपिने बताइएकोछ ।केन्द्रिय समितिमा कुल ५३ जना रहने छन् ।

यस अघि राजपाको ७ सय ९६ र समाजवादीको ४ सय ३१ सदस्यीय केन्द्रिय समिति रहेको थियो ।राजपाको १ सय ३२ जना पदाधिकारी रहेका थिए ।समाजवादी पार्टीमा २५ जना मात्र पदाधिकारी थिए ।

राजपामा नाताबादले प्रश्रय पाएकोछ ।अध्यक्ष ठाकुरले केन्द्रिय सदस्यमा सम्धी उमाकान्त झालाई भित्र्याएका छन् ।समाजवादी पार्टी फुटाउन अग्रपंगतीमा रहेका रेणु यादव र इस्तियाक राइनपनि केन्द्रिय समितिमा परेका छन् ।



निर्वाचन आयोगले ४५ दिन भित्र दल दर्ताको आधिकारिकता प्रदान गर्ने प्रावधानछ ।आयोगले दल दर्ताको प्रमाणपत्र दिएपछि संघीय संसदमा जनता समाजवादी पार्टीले मान्यता पाउनेछ ।

'अध्यक्षद्वय ठाकुर र यादवको समान हैसियत र अधिकार रहेकोछ' एकजना केन्द्रिय सदस्यले भने, बैठकपछि दुवै अध्यक्षको कार्यविभाजन गरिनेछ ।संसदीय दलको नेता अहिले समाजवादी र राजपाका यादव र ठाकुर छुट्टाछुट्टै रहने छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले दल फुटाउन सहज हुने गरी अध्यादेश ल्याएपछि दुई पार्टीबीच वैशाख १० गते मध्यरातमा पार्टी एकता भएको थियो । तर पदीय विभाजनमा सहमति जुट्न नसक्दा ४५ दिन सम्म जसपा दर्ता हुने नहुने अन्योल कायमै थियो ।शनिवार राती ठाकुर, यादव र भट्टराईलाई अधिकार दिएपछि शक्ति बाँडफाँडमा सहमति जुटेको थियो ।

गतहप्तादेखि दल दर्ताका लागि दुवै पार्टीका शीर्ष नेताहरुबीच घनीभूत छलफल चलेको थियो ।सहमतिमा समाजवादी पार्टी केहि पछि हटेको देखिन्छ ।तर दुवै दलबीचको एकिकरण ऐतिहासिक भएको जसपाका केन्द्रिय सदस्य एवं सांसद महेन्द्र कुमार यादवले जनाए ।

जसपाको केन्द्रिय समिति सदस्यहरुमा समाजवादीको तर्फबाट राजेन्द्र प्रसाद श्रेष्ठ, नवराज सुवेदी, परशुराम खापुंग, युवराज कार्की, रकम चेमजोंग, रेणु कुमारी यादव, लालबाबु राउत, हिसिला यमी, हेमराज राई, गंगानारायण श्रेष्ठ, रणध्वज कन्दंगवा, रामसहाय यादव, डमरु बल्लभ खतिवाडा, इस्तियाक राइ, दुर्गा सोब, परशुराम बस्नेत, प्रशान्त सिंह, भक्तबहादुर शाह, शुसिला श्रेष्ठ र विजय कुमार यादव छन् ।

त्यसैगरि राजपाबाट महेन्द्र कुमार राय यादव, शरतसिंह भण्डारी, अनिल झा, राजकिसोर यादव, सर्वेन्द्र शुक्ला, वृशेषचन्द्र लाल, गोविन्द चौधरी, जितेन्द्र प्रसाद सोनार, डा.विजय कुमार सिंह, उमाकान्त झा, चन्दा चौधरी, लक्ष्मण लाल कर्ण, मृगेन्द् कुमार सिंह, नवलकिसोर साह, मनिष कुमार सुमन, राजकुमार लेखी, अमृता अग्रहरी, रेशमलाल चौधरी, रामनरेश यादव, केशव कुमार झा, एकवाल अहमद, निर्जला राउत, रमेश प्रसाद यादव र राम कुमार ओझा रहेका छन् ।

# किसानको खातामा १० हजार, दलितलाई प्रति परिवार ५ हजार

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेशका डोम, दुसाध, मुसहर र मेस्तरलाई प्रतिपरिवार मासिक ५ हजार रकम उपलब्ध गराउने घोषणा गरेकोछ।गत वर्षको नीति तथा कार्यक्रममा उनीहरुका लागि आवासगृह बनाइने घोषणा गरेको सरकारले अगामी आर्थिक वर्षदेखि भरणपोषणका लागि रकम उपलब्ध गराइने घोषणा गरेको छ ।

प्रदेश सभामा आईतबार प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०७७/७८ का लागि नीति तथा कार्यक्रममा प्रदेश दलित सशक्तिकरण ऐनको कार्यान्वयनमा जोडदिदैं दलित विकास समिति र उच्चस्तरीय जातीय छुवाछुत अनुगमन समिति गठन गरिने उल्लेखछ ।

१० कट्ठा खेत भएका कृषीकर्म गर्ने किसानहरुलाई वार्षिक खातामा १० हजार रुपैया उपलब्ध गराइने सरकारले घोषणा गरेको छ।मल, बिउबिजनका लागि सो रकम उपलब्ध गराइने नीति तथा कार्यक्रममा जनाइएकोछ ।

नीति तथा कार्यक्रमको पूर्ण पाठ पृष्ठ ५ मा

'खेत-खेतमे पानी, हात-हातमे काम', प्रत्येक पालिकालाई सदरमुकामसँग जोड्ने, प्रादेशिक परिवहन सेवा, संघीयताका लागि आन्दोलन गरेका स्व. गजेन्द्रनारायण सिंह र गणतन्त्रवादी नेता स्व. रामराजा प्रसाद सिंहको शालिक निर्माण जस्ता कार्यक्रमहरुलाई नीति तथा कार्यक्रममा पनि निरन्तरता दिएको छ।

मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत प्रदेशको ८ वटै जिल्लाका प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा पोखरीको सौन्दर्यीकरण गरिनेछ।

दलित तथा विपन्न वर्गहरुको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि प्रदेशका आठ वटै जिल्लामा प्रदेश प्रमुख रोजगार कार्यक्रम संचालन गरिनेछ । कोरोनाका कारण रोजगार गुमाएका युवाका लागि 'युवा स्वरोजगार तथा उद्यम विकास' कार्यक्रम संचालन गरिने नीति तथा कार्यक्रममा उल्लेखछ।

प्रदेश सरकारले कोरोना भाइरसको संक्रमणबाट जोगाउन विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउने जनाएको छ । स्वरोजगारका अवसर सृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउन एवं वैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाको ज्ञान, सीप, क्षमता र पूँजीलाई प्रभावकारी रुपमा उपयोग गर्न आवश्यक व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएकोछ।

सरकारले धनुषाधाममा चिडियाखाना र पथलैयामा ट्रमा सेन्टर स्थापना गरिने जनाएकोछ ।प्रदेश सभाले प्रदेश प्रमुखलाई धन्यवाद ज्ञापन गरेकोछ।




# कोरोना संक्रमितको संख्या साढे ३ हजार नजिक

**टुडे समाचारदाता**

जनकपुरधाम ।प्रदेश २ मा पीसीआर विधिबाट स्वाब संकलन भएपनि टेस्टको रिर्पोटको अवस्था कमजोरछ ।प्रदेश सरकारको समाजिक विकास मन्त्रालयका अनुसार आइतवार दिउँसो सम्म १० हजार ३ सय ९७ स्वाबको नतिजा आउन बाँकी छ।

प्रदेशमा हाल सम्म १ हजार १ सय ४९ जनामा कोरोना संक्रमणको पुष्टि भएकोछ ।तर पीसीआर टेस्टमा निकै कमि आएको छ ।प्रदेशको नारायणी अस्पताल, प्रादेशिक अस्पताल र गजेन्द्रनारायण सिंह अस्पतालमा पीसीआर मेसिन जडान गरिएकोछ ।

पछिल्लो २४ घण्टामा प्रदेश २ मा ८३ जनामा कोरोना भाइरस संक्रमणको पुष्टि भएको छ। समाजिक विकास मन्त्रालयका अनुसार सर्लाही जिल्लामा ७४ जना, महोत्तरी जिल्लामा ५ जना, सिराहा जिल्लामा २ जना, धनुषा जिल्लामा १ जना, र रौतहट जिल्लाका १ जनामा संक्रमण पुष्टि भएकोछ।

नेपालमा आइतबार थप २ सय १३ जनामा कोरोन संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएकोछ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले देशभरिको विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा २ सय १३ जनामा कोरोना संक्रमण पुष्टि भएको बताए। थपिएको संख्या सहित संक्रमितको संख्या ३ हजार ४ सय ४८ पुगेको छ। संक्रमितहरु मध्ये ४ सय ६७ जना डिस्चार्ज भएका छन्। जसमध्ये पुरुष ३९९ जना र महिला ६८ जना रहेका छन्। पछिल्लो २४ घन्टामा १ सय ३ जना डिस्चार्ज भएका छन्। जसमध्ये २ जना महिला र १ सय जना पुरुष छन्।

थपिएको संक्रमितको संख्या शनिवारको भन्दा कम रहेको छ। शनिवार ३ सय २३ जनामा संक्रमण पुष्टि भएको थियो।

कोरोना भाइरस संक्रमणबाट हाल सम्म १३ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेकोछ।

मन्त्रालयका अनुसार हालसम्म पीसीआर विधिबाट ९६ हजार २ सय ५ र आरडीटी विधिबाट १ लाख ४५ हजार ४९ नमूना परीक्षण भएका छन्। गत २४ घण्टामा पीसीआर विधिबाट ३ हजार ७ सय २८ र आरडीटी विधिबाट ७ हजार ६ सय १४ परीक्षण गरिएको डा.देवकोटाले जनाए।उनले क्वारेन्टाइनमा १ लाख ७० हजार ७ सय ३२ जना रहेको उनले बताए।




# वडा नम्बर ४ मा चौथो पटक राहत वितरण

**सिकेन्द्र पासमान**

कलैया । कलैया उपमहानगरपालिका वडा नम्बर ४ ले आईतवार चौथो पटक राहत वितरण गरेको छ । लकडाउनका कारण प्रभावित अति बिपन्न, मजदुर, असहाय, दलित, गरिब लगायत ३ सय परिवारलाई राहत प्रदान गरिएको वडाध्यक्ष जटाशंकर सहनीले जानकारी दिए ।



वडामा राहत पाउनेहरुको संख्या धेरै रहेकोमा प्रदेश सरकारले जम्मा ६३ जनालाई राहत प्याकेज प्रदान गरेको हुदा छुटेका बिपन्न, गरिब, असहायहरुलाई डिप्रोस बैंक कलैयाबाट २० बोरा चामल र अन्य वडाको बजेटबाट ३ सय परिवार लाई राहत वितरण गरिएको वडाध्यक्ष सहनीले भने ।

राहत प्रदान कार्यक्रममा वडाका निर्वाचित प्रतिनिधी, बिभिन्न राजनितिक दलका प्रतिनिधीहरु, समाजसेवी, समाजिक संस्थाका प्रतिनिधीहरु, प्रहरी, कर्मचारीहरु लगायतको सहभागितामा राहत प्रदान गरिएको वडा सदस्य शम्भु गुप्ताले जानकारी दिए ।

चौथा पल्ट राहत पाएपछि राहत पाउनेहरु खुसी ब्यक्त गर्दै वडाअध्यक्ष सहनी जनता प्रति समर्पित नेता रहेको प्रतिक्रिया दिएका छन् ।

# लकडाउनका कारण मुआब्जा वितरणमा समस्या

वीरगञ्ज । लामो समयदेखि जारी बन्दाबन्दी(लकडाउन)का कारण मुआब्जा वितरणमा समस्या देखिएपछि बाराको निजगढमा निर्माण हुन लागेको दोस्रो अन्तर ाष्ट्रिय विमानस्थलको कार्य प्रभावित भएको छ । दोस्रो अन्तराष्ट्रिय विमानस्थल आयोजना कार्यालय सिमराका अनुसार लामो समयदेखि जारी लकडाउनका कारण मुआब्जा लिनेहरूले निवेदन दिएपनि जग्गासँग सम्बन्धित कार्यालय मालपोत, नापी तथा भूमिसुधार कार्यालय खुल्न नसक्दा विमानस्थलको काम अगाडि बढ्न नसकेको हो ।

मुआब्जाका लागि कतिपय जग्गाधनीको लकडाउनका कारण निवेदन आउन सकेको छैन । जम्मा मुआब्जा दिनुपर्ने ११० बिघा तीन कट्ठा चार धुर जग्गामध्ये १४४ जनालाई जम्मा ६५ बिघा १५ कट्ठा जग्गाको ४३ करोड ६४ लाख रुपैयाँ मुआब्जाबापत वितरण गरी सकिए पनि बाँकीलाई लकडाउनका कारण मुआब्जा वितरण गर्न नसकिएको आयोजनाका निमित्त प्रमुख विजयकुमार यादवले राससलाई बताउनुभयो ।

मुआब्जा जीतपुर सिमरा उपमहानगरपालिकाअन्तर्गत रहेको काँटगाउँको नम्बरी जग्गा भएका व्यक्तिलाई मात्र वितरण गरिएको हो । विमानस्थलको निर्माणअन्तर्गत हालसम्म ६७ करोड रुपैयाँ खर्च भइसकेको छ । विमानस्थलको चारैतिरको किल्ला घेर्न पूर्व, पश्चिम राजमार्गअन्तर्गत पथलैयादेखि निजगढ सडकखण्डको दक्षिणी सीमासम्म गएको सडकको दुवैतिर ६४ किलोमिटर तारबार गरिएको र सो कार्य गर्न चार करोड ४३ लाख रुपैयाँ खर्च भएको छ ।

त्यस्तै पसाहा खोलामा पहिलो र दोस्रो चरणको तटबन्ध निर्माण कार्य सम्पन्न भइसकेको छ भने तेस्रो चरणअन्तर्गत अढाइ किलोमिटरमा तटबन्ध निर्माण कार्य भइरहेको छ । यसका लागि १९ करोड ६७ लाख रुपैयाँ विनियोजन गरिएको बताइएको छ । सङ्घीय सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा समेत निजगढ विमानस्थल निर्माण गर्न बजेट विनियोजन गरेको भएकाले लकडाउन खुल्नेबित्तिकै बाँकी रहेको काम अगाडि बढाइने बताइएको छ ।

आयोजनाले पहिलो चरणमा एक हजार नौ सय हेक्टर क्षेत्रफलमा विमानस्थल निर्माण गर्न गृहकार्य गरिरहेको छ । कूल ११ हजार ८० बिघा नौ कट्ठा क्षेत्रफलमा विस्तार हुने विमानस्थल निर्माणका लागि ७३१ बिघा १४ कट्ठा क्षेत्रफलमा फैलिएको टाँगिया बस्ती मुख्य चुनौतीका रूपमा देखिएको छ ।

टाँगिया बस्ती विमानस्थलको धावनमार्गमा पर्ने भएकाले त्यहाँको बासिन्दाको उचित व्यवस्थापन सरकारले गर्नुपर्ने बताउनुहुन्छ टाँगिया बस्ती सरोकार समितिका अध्यक्ष रमेश सापकोटा । तामाङ, मगर, कामी, दमाई, बाहुन, क्षेत्रीको बाहुल्यता रहेको सो बस्ती धावनमार्गको बीचमा पर्ने भएकाले बस्ती व्यवस्थापन हुन नसक्दा दोस्रो अन्तराष्ट्रिय विमानस्थल निर्माणमा चुनौती थपिएको छ ।

सरकारले नम्बरी जग्गा १२० बिघाको हकमा बाटोको बस्ती अगाडि भएको जग्गालाई रु चार लाख ६० हजार, भित्रपट्टिको जग्गालाई रु तीन लाख प्रतिकट्ठा, सिमसिमे जग्गालाई रु दुई लाख ३० हजार प्रतिकट्ठाको दरले क्षतिपूर्ति दिँदै आएपनि बस्तीका सुकुम्वासीले बस्ती व्यवस्थापन गर्न जग्गाको सट्टा जग्गा नै माग्दै आइरहेका छन् ।

विमानस्थल निर्माण गर्दा पहिलो चरणमा सानोठूलो गरी पाँच लाख १९ हजार १९० वटा रूख काट्नु पर्ने देखिन्छन् । विमानस्थल आयोजनाले भने सबै समस्या समाधान गर्ने र स्थायी बासिन्दाको मागलाई सम्बोधन हुने गरी काम अगाडि बढाइएको छ । निजगढ विमानस्थल पूर्णरूपमा सञ्चालनमा आउँदा प्रत्यक्ष तथा परोक्ष रूपमा करिब २५ लाखभन्दा बढी मानिसले रोजगारी पाउने बताइएको छ ।रासस

# साइकल पाएपछि छात्रा खुशी

जलेश्वर । महोत्तरीको विकट ठाउँका गरिब छात्राले साइकल प्राप्त गरेपछि औधि खुशी भएका छन् । बर्दिवास नगरपालिका-५ को चुरे पहाडी शृङ्खलाको दुर्गम काछ र पाखा बस्तीका गरिब १५ छात्राले विद्यालय आवत जावत गर्न साइकल पाएपछि अब कक्षाका घण्टी नछुट्ने आस पालेका हुन् ।

"घरमा कति काम भ्याएर विद्यालय आउनुपर्दा कति दिन पहिलो घण्टी छुट्ने गर्थ्यो", बर्दिवास-५ चेरुस्थित इच्छेश्वर माध्यमिक विद्यालयमा यसपालि कक्षा-१० पुगेकी छात्रा सम्भन्ना घोर्च्याङ्गी मगरले भनिन्, "अब भने साइकल पाएकी छु घण्टी नछुट्लान् ।" इच्छेश्वर माविमा अध्ययनरत सम्भन्नाजस्तै विद्यालयबाट पाँच/सात किलोमिटर दूरीमा घर रहेका १५ जेहेन्दार र गरिब परिवारका छात्रालाई शनिबार रोटरी इन्टरनेशनल क्लबले साइकल र शैक्षिक सामग्रीसहितको भोला दिएपछि उनीहरूमा पढाइले निरन्तरता पाउने आस जागेको हो ।

उनीजस्तै कक्षा ९ की भवानी जर्घा मगरले पनि अब विद्यालयमा सबै घण्टी (सातै घण्टी) राम्ररी पढ्न पाइने आस पालेकी छन् । "विद्यालय आउन पाँच/ छ किलोमिटर पर्छ, बिहान घाँस-दाउरा गरेर समयमा विद्यालय आइपुग्न धौधौ, फेरि सातौँ घण्टी पढाइ नसकिँदै घर फर्केर घरको काम सक्नुपर्ने चिन्ता" उनीले भनिन्, "अब साइकलले आउँदा-जाँदा हामीलाई समय दिनेछ, घण्टी छोड्नु परोइन ।" साइकल पाउने कुराले छात्राका परिवारजन (बाबुआमा, घरका अभिभावक) ले पनि गरिबीभित्र आफ्ना छोरी-चेलीको पठनपाठनमा सहयोग पुग्ने बताएका छन् ।

माध्यमिक तहमा पढ्ने अत्यन्त गरिब, जेहेन्दार र बढी दूरीबाट आउनुपर्ने १५ छात्रालाई बिद्यालय प्रशासनको सिफारिसमा रोटरी क्लब बर्दिवासले शनिबार साइकल र शैक्षिक सामग्रीसहितको भोला प्रदान गरेको हो । सामग्री प्राप्त गर्ने छात्रा जेहेन्दार, गरिब, बाबुआमा गुमाएका र कमसेकम बिद्यालयबाट पाँच किलोमिटर दूरीबाट आउने-जाने परेका प्रधानाध्यापक युवराज अधिकारीले जानकारी दिनुभयो ।

साइकलसहित शैक्षिक सामग्री पाउनेमा कक्षा १० का यतिमाया श्रेष्ठ, सम्भन्ना घोर्च्याङ्गी, मनिषा साह, अमिशा घिसिङ र मनिषा खड्का छन् । त्यसैगरी कक्षा ९ का अजिता थिङ, भवानी जर्घा, इशा लामा र एलिशा घिमिरे, कक्षा ८ का उषा लामा, प्रकृति खत्री र अर्पणा भण्डारी, कक्षा ७ का आरती विक, कक्षा ६ का प्रतिक्षा वाइवा र दिलु घोर्च्याङ्गी मगर छन् ।

ती छात्राको पठनपाठनप्रति उत्साह बढाएको र घरका अभिभावकमा पनि छोरी-चेलीको पढाइले निरन्तरता पाओस् भन्ने भाव सवल बनेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ देवकोटाको भनाइ छ । नगर क्षेत्रका विकट बस्तीका छात्रालाई साइकलसहितका शैक्षिक सामग्रीले पढाइलाई निरन्तरता दिन बल पुग्ने अपेक्षासाथ सामग्री प्रदान गरिएको सो क्लबका अध्यक्ष शम्भु भट्टराईले बताउनुभयो । शिक्षा, स्वास्थ्य आपूह्रूको सेवा क्षेत्रको प्राथमिकतामा पर्ने भएकाले यस्ता कार्यक्रमले निरन्तरता पाउने क्लबले जनाएको छ ।रासस

# सिरहाका पसल खुला

लहान । सिरहाको विभिन्न शहरका पसल अघोषितरूपमा खुला हुन थालेका छन् । लकडाउन जारी रहँदा व्यवसायीले अघोषितरूपमा पसल सञ्चालन गर्न थालेका हुन् । जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा लहानले आलोपालो पसल खोल्न पहल गरेपछि व्यवसायीले पसल अघोषितरूपमा खोल्न थालेको स्थानीय व्यापारीले बताएका छन् । लहान, गोलबजार, धनगढीलगायतका बजारमा किराना पसलसँगै कपडा, सुनचाँदी तथा कस्मेटिकलगायतका पसल खुलेपछि चहलपहल बढ्न थालेका छन् ।

जिल्लामा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएका बेला बजार, पसल खुल्न थालेपछि थप जोखिम बढेको स्थानीयवासी बताउँछन् । लहान नगरपालिकाभित्र मात्रै आठ कोरोना सङ्क्रमित भेटिएको र जिल्लाभरि अझ बढ्ने क्रममा रहेका बेला बजार पसल खुल्नुले त्रास बढेको लहान नगरपालिका-४ का सन्तोष गुप्ताले बताउनुभयो ।

"बजारमा पसल खुलेपछि भीडभाड बढन थालेको छ", उहाँलेभन्नुभयो, "बजारखुलेपछि जति गरे पनि सामजिक दूरीको पालना हुँदैन र जोखिम बढ्ने निश्चित छ ।" तरकारी बजार, माछा मासुलगायतका पसलमा भीडभाड बढ्न थालेकाले सचेतना अपनाउनुपर्ने उहाँको भनाइ छ । पसल खुल्न थालेपछि भीडभाड बढे ठूलो जोखिम बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाएर व्यापार गर्न लहान नगरपालिकाका प्रमुख मुनी साहले आग्रह गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाईंले उद्योगीले प्रशासनसँग कुनै अनुमति नलिइ अघोषितरूपमा पसल खुला गरेको हुँदा भीडभाड भए कुनै बेला बन्द गराउने बताउनुभयो ।

**सडक कालोपत्र शुरु**

लकडाउन जारी रहँदा लहान नगरपालिका-१५ ढोढनास्थित धार्मिक पर्यटकीय क्षेत्र पञ्चावती राजदेवी मन्दिरसम्म पुग्ने सडकको कालोपत्र कार्य शुरु गरिएको छ । लहान नगरपालिका-१८ खुटी पारी भदैयादेखि मन्दिरसम्म करिब पाँच किलोमिटर सडकमा नगरपालिकाले सो कार्य शुरु गरेको हो ।

नगर प्रमुख साहले सडक कालोपत्र गर्ने कार्यको शुभारम्भ गर्नुहुँदै सडक कालोपत्र भएपछि मन्दिर आउने जाने श्रद्धालुका लागि मात्रै सहज नभएर उत्तरीभेगको विकासमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो सडक कालोपत्रका लागि रु छ करोडमा बोलपत्र लागिसकेकाले कामको गुणस्तरीयता र समयमा सम्पन्न गर्न निगरानी सबैले गर्नुपर्ने खाँचो उहाँले औंल्याउनुभयो ।रासस


## परोहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट

## आशयपत्रको सूचना बारे

**प्रकाशित मिति :- २०७७/०२/२६**

प्रस्तुत बिषयमा यस कार्यालयबाट जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७६/११/१६ गते प्रकाशित निर्माण कार्य गराउने खरीद सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार Construction of Pokhariya - Malhiniya Suspension Bridge को ठेक्काको लागी यस कार्यालयमा प्राप्त हुन आएका ठेक्कामा सार्वजनिक खरीद ऐन २०६३ (पहिलो संसोधन २०७३)को दफा २७ को प्रयोजनको लागी देहाय बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको निमित्त यो सूचना प्रकाशित गरिएको छ। साथै आर्थिक प्रस्ताव मिति २०७७/०३/०१ दिनको १ बजे खोलिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

| सि.नं. | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | PMSB-NCB-PAROHA -4-2076/2077 | M/S Srijna-Swarnim-Ansuman JV Kathmandu | सम्बन्धित बोलपत्रदाता |

परोहा नगरपालिका, लौकाहा, रौतहट



प्रदेश सरकार

प्रदेश नं. २

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## धनुषा, जनकपुरधाम

## प्रस्ताव आव्हान सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित सुचना २०७७/०२/२६ गते**

प्रदेश नं. २ यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश स्तर दुग्ध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम संचालनका लागि लागत साझेदारीमा संचालन गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्था, दुग्ध उत्पादन, प्रसोधन तथा वितरण गर्ने कृषि सहकारी संस्था तथा दुग्धको कारोवार गर्ने अन्य सहकारी संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७/०३/०८ सम्म) कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन सुचना आव्हान गरिन्छ । रित नपुगि वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटको लागि समावेश हुन नसक्ने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ । तपसिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस कार्यालयको सर्म्पक व्यक्ति मो. नं. ९८४४५४१४७० मा सम्पर्क गर्न सकिन्छ । आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद नियमावली अनुसार कन्टिनजेन्सी कट्टी गरिने छ ।

तपसिल

१. रु. १० को हुलाक टिकट टाँसी फा.नं. २ अनुसारको आवेदन फारम ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. दुग्ध उत्पादक सहकारी संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपी ।
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
६. संस्था संग आवद्ध सदस्यहरुले प्राप्त गरेको (तालिम, शैक्षिक योग्यता, अनुभव आदिको प्रतिलिपी) ।
७. दुग्ध उत्पादक सहकारी संस्थाको बेंक संग गरेको वितिय कारोवारको विवरण ।
८. फारम नं. ३ अनुसारको कार्ययोजना पेश गर्ने ।
९. दुध उत्पादक सहकारीसंग आवद्ध सदस्यहरु सम्मिलित बेठक निर्णयको प्रतिलिपी ।
१०. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपी वा लिजमा लिएको हकमा करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गा धनीको सक्कल मन्जुरिनामा (५ वर्ष अवधिको) समेत ।
११. अन्य आवश्यक कागजातहरु भए समावेश गर्ने ।

वरिष्ठ पशु चिकित्सक


## तपाईंको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**आउ मिलेर वृक्षारोपन गरौं ।** विश्व वातावरण दिवसको अवसर पारेर आइतबार सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण उत्तर भिट्केया(बारा जिल्ला)मा वृक्षारोपन गर्दै दिग्विजय सुवेदी लगायतका सशस्त्र प्रहरी । बिभिन्न जातका २ सय १३ बिरुवाहरु कार्यालय परिसरमा रोपिएको छ ।
*तस्वीरःसिकेन्द्र पासवान/टुडे(कलैया)*

# कलैया अस्पतालमा जेनरल सेवा सोमवार देखि सुचारु हुने

**सिकेन्द्र पासवान**

कलैया । कलैयास्थित जिल्ला अस्पतालमा सोमबारदेखि पुनः जेनरल सेवा संचालन हुने भएको छ। जेठ ४ गतेदेखि कलैया अस्पताललाई अस्थाई कोभिड अस्पतालको रुपमा संचालन गर्दै कोरोना पोजेटिभ बिरामीलाई राखेको थियो । नागरिकलाई सेवा लिनका लागि निजी अस्पताल र बाहिर जाँदा समयसँगै खर्च पनि बढेको थियो । चौतर्फी दबाबपछि समाजिक विकास मन्त्रालय प्रदेश २ ले सेवा सुचारु गर्न पत्राचार गरेको हो ।





कलैया उपमहानगरपालिका वडा नम्बर ३ गंगापुरको शैक्षिक तालिम केन्द्रमा कोरोना अस्थाई अस्पताल संचालन गरेपछि कलैया अस्पतालमा जेनरल सेवा संचालन गरिएको छ।

प्रदेश सरकारको निर्णय अनुसार कोरोना विशेष अस्पताल संचालन गरिएको थियो । अन्यत्र सारिएपछि कलैया अस्पतालले पुनः साबिकको सेवाहरु संचालन गर्न लागेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट बिरेन्द्र मण्डलले जानकारी दिए ।

जेठ १६ गते कलैया अस्पतालका बिरामीलाई गंगापुरमा सारिएपछि कलैया अस्पताललाई स्यानिटाईज गरेर जेनरल सेवा संचालनको लागि तयार गरेको उनले थपे ।

बिरामीको उपचारमा स्वास्थ्य मापदण्ड अनुसार निर्मुलीकरण गरि कुनै प्रकारको समस्या नहुने अवस्था भएपनि सेवा सुचारु भने सोमबारदेखि थालिने उनले बताए । सोमबारदेखि ओपिडी सेवा, प्रसुती सेवा, ल्याव सेवा संचालन हुने प्रमुख मण्डलले बताए ।

बिगतमा कलैया अस्पतालले दिदै आएका सबै सेवा केहि दिनमा सुचारु गर्नेगरि तयारी भईरहेको अस्पतालका प्रमुख मण्डलले थपे । जनशक्तिको एक तिहाई कर्मचारीहरु गंगापुरस्थित आइसोलन वार्डमा कोरोनाका बिरामीहरुलाई हेर्ने, उपचारमा संलग्न रहेकोले जेनरल सेवाहरु संचालनमा केही कठिनाई हुने उनले थपे।

कलैया अस्पतालमा सेवा संचालन हुने भएसंगै जिल्लाबासीले खुसी ब्यक्त गरेका छन् । गरिब असहायहरुलाई कम पैसामा प्रभावकारी उपचारको माध्यमको रुपमा रहेको कलैया अस्पताल संचालन हुनु सकारात्मक कुरा रहेको भएपनि सेवा प्रभावलाइ अझै प्रभावकारी बनाउन बारा नागरिक समाजका अध्यक्ष उमेशलाल दासले बताए । कोभिड अस्पताल संचालन रहेको अवस्थामा कलैया अस्पतालका सबै सेवाहरु कलैया स्थित रहेको बारा नर्सिग होममा दिदै आएको थियो ।

# सिरदेलको निर्देशनमा चन्द्रपुर नपामा अनियमितता

**दिपु मिश्र**

चन्द्रपुर । रौतहटको चन्द्रपुरनगरपालिकामा व्यापक आर्थिक अनियमितता हुने गरेको पाइएको छ । चन्द्रपुर नगरपालिकाका पटके हाकिम कृष्ण प्रसाद सिग्देलको निर्देशनमा चन्द्रपुर नगरपालिकामा आर्थिक अनियमितताले जरो गाडेको सरोकारवालाहरुको भनाई रहेको छ। चन्द्रपुर नगरपालिकामा पटक पटक निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका सिग्देलले गरेको निर्णयबाट नगरपालिकालाई आर्थिक नोक्सानी भएको छ।



आर्थिक बर्ष २०७५/०७६ सालमा चाँदी खोला उत्खनन गर्न ठेक्का पाएको चन्द्रनिगाहपुरको गौरव हार्डवेयरलाई निमित्त प्रमुख कार्यकारी अधिकृत सिग्देलकै निर्देशनमा ७९ लाख राजस्व छुट दिएको थियो ।

ठेकेदारबाट असुल उपर गर्नु पर्ने सो रकम कसरी र कसको निर्देशनमा सिग्देलले छुट दिए ? यसको छानविन हुनुपर्छ चन्द्रनिगाहपुरका स्थानीय युवा रवि राना मगरले बताए । सो हार्डवेयरले गौरस्थित कृषि विकास बैंकबाट नक्कली बैंक ग्यारेन्टी बनाएर चन्द्रनिगाहपुरको चाँदी खोला उत्खननको ठेक्का पाएको थियो। लामो समयसम्म पेन्डिङ रहेको उक्त फाइलको पुनः सिग्देलले निमित्त पाएको बेलामा सो रकम छुट दिन निर्देशन दिएका थिए ।

सो कार्यमा चन्द्रपुर नगरपालिकाका अन्य कर्मचारीको पनि संलग्नता रहेको एक कर्मचारीले बताएका छन् । नगरपालिकाको निमित्त प्रमुख र शिक्षा शाखा प्रमुख दुवैको जिम्मेवारी पाएका सिग्देलका कारण नगरपालिका लथालिंग बन्दै गएको सेवाग्राहीहरुले बताएका छन्। पछिल्लो दुई महिनादेखि कोरोनो संक्रमण बढेसंगै सिग्देलको फुर्ति पनि बढेर जान थालेको नगरपालिकामा गाईंगुई चल्न थालेको छ।

लकडाउनको अवधिमा नगरपालिकाले खरिद गरेको मास्कदेखि ड्रमसम्मको खरीदमा अनियमितता भएको र यसको छानविन हुनुपर्ने स्थानीय बासिन्दाले बताउदै आएका छन् । चन्द्रपुर नगरपालिकाको शिक्षा शाखा प्रमुख रहेका सिग्देल आफै निमित्त हाकिम भएको बेला चन्द्रपुर नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुका विद्यार्थीले पाउने छात्रवृत्ति रकम रकमान्तरण गरि अनियमितता गरेको विद्यालयका प्रधानाध्यापकहरुले गुनासो गरे।

# कर र व्याज मिनाहाको माग गर्दै व्यापारीहरु सडकमा



एम.के. चौधरी

गरुडा । रौतहटको गरुडा नगरपालिकाका व्यापारीहरुले मुल्य अभिबृद्धि कर, महशुल र बैंक ब्याज मिनाहाको माग गर्दै आइतबार विरोध प्रदर्शन गरेका छन्।

गरुडा नगर उद्योग वाणिज्य संघको अगुवाईमा संघका पदाधिकारी, उद्योगी ब्यापारीहरुले सरकारसँग विभिन्न माग राख्दै प्रदर्शन गरेको छ । बन्दाबन्दीको कारण व्यापार व्यवसाय ठप्प रहेको बेला सरकारले कर तिर्न समयसिमा तोकेपछि उद्योग वाणिज्य संघ गरुडाका अध्यक्ष हरेन्द्र प्रसाद जयसवालको नेतृत्वमा व्यापारीहरु प्रदर्शनमा उत्रिएका हुन्।

उनीहरुले व्यापारीको बैंक ब्याज, व्यवसाय कर, बिजुली तथा खानेपानी महसुल मिनाहा गर्नु पर्ने माग राख्दै गरुडा बजारमा प्रदर्शन गर्दै मेथुर चौकमा गएर कोण सभामा परिणत भएको थियो।

कोण सभालाई सम्बोधन गर्दै गरुडा नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष चुनचुन प्रसाद साह, उद्योग वाणिज्य महासंघका पूर्व सदस्य तथा बरिष्ठ व्यापारी धर्मनाथ प्रसाद जयसवाल, सुनचाँदी व्यवसायी संघ नेपालका उपाध्यक्ष रामजी साह, संघका अध्यक्ष हरेन्द्र प्रसाद चौधरी लगायतका व्यक्तिहरुले कोरोना महामारीलाई नियन्त्रणमा ल्याउन सरकारले लगाएको लकडाउनका कारण सम्पूर्ण व्यापारीहरुको व्यापार–व्यवसाय धरासायी भएको र आर्थिक संकट उत्पन्न भएको समयमा राज्यले व्यापारीहरुको पीडा नसुनेर उल्टै कर तिर्न समयसिमा तोकेका कारण शान्तिपूर्ण प्रदर्शनमा उत्रिन आफूहरु बाध्य भएको बताए ।

# बिरेन्द्रको परिवारलाई २५ हजार सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतबाट आउने क्रममा जटही सिमामै प्राण त्यागेका धनुषाको शहीद नगरपालिकाका बिरेन्द्र यादवको परिवारलाई मलेसियाबाट पनि सहयोग प्राप्त गरेको छ । नेपाल सहयोग भावले संस्था विगत कै दिन देखि सहयोग गर्दै आई रहेको छ । 'हामीहरुको हात तपाईहरु साथ, सेवा नै धर्म हो' भन्ने लक्ष्य राखेर विगतकै समय देखि दुःखी र पीडित परिवारलाई सहयोग गर्दै आईरहेको नेपाल समाज सहियोग



समाज सहयोग संस्था मलेसियाद्वारा उनको परिवारलाई २५ हजार नगद मृतक यादवको परिवारलाई आईतबार हस्तान्तरण गरिएको छ।

नेपाल सहयोगी संस्था मलेसियाबाट आफ्नो सामाजलाई संस्था मलेसियाका अध्यक्ष देव नारायण मण्डलले जानकारी दिए।

यसअघि शनिबार अमेरिकामा बसोबास गर्दै आएका भीम कार्की र शंकर पन्तले रु ३ लाख रकम पठाइसकेका छन्।

# हवाई भाडामा भारी छुट, जनकपुरको भाडा घटेन

काठमाण्डु । हवाई इन्धनको मूल्य घटेपछि वायुसेवा सञ्चालकहरूको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले हवाईजहाजको भाडा घटाएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई इन्धनको मूल्य समायोजनको निर्णय कार्यान्वियन गराउन सङ्घलाई पत्राचार गरेपछि हवाई भाडादर घटाइएको सङ्घले विज्ञप्तिमार्फत जनाएको हो ।

हवाई इन्धनको मूल्य घटेको अनुपातमा स्वचालित प्रणालीअनुसार मूल्य लागू गर्ने सरकारको निर्णय र सोहीअनुरुप प्राधिकरणको मिति २०७७ जेठ २५ को पत्रबाट अनुमोदन गरी कार्यान्वियनका लागि लेखी आएकाले हवाईभाडामा नयाँ 'फ्युल चार्ज' कायम गरिएको आज जारी भनिएको छ । नयाँ भाडादरअनुसार काठमाडौं माउन्टेन उडानका लागि रु ८६० घटाएर रु दुई हजार २३० कायम गरिएको छ । काठमाडौं-भद्रपुरको रु ७५० घटाइ एक हजार ९५० बनाइएको छ । काठमाडौं-विराटनगर गन्तव्यमा साविकको रु दुई हजार १६० बाट रु ६०० घटाएर एक हजार ५५० कायम गरिएको छ।

पोखराको रु २७० घटाएर रु ६९५ बनाइएको छ । काठमाडौं-धनगढीको साविकको रु तीन हजार ९७५ बाट रु एक हजार १०५ घटाई रु दुई हजार ८७० निर्धारण गरिएको छ । रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
प्रदेश नं. २, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः-२०७७।०२।२६

धनुषाधाम नगरपालिकाको सहरी स्वास्थ्य सेवा केन्द्रको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्याता पुगेका नेपाली नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र दिनको ५:०० बजे सम्ममा तोकिएको राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ । कार्य विवरण सम्बन्धित पदका लागि तोकिए बमोजिम हुनेछ । आवेदन फारम न.पा बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि नगरपालिकाको स्वास्थ्य शाखामा सर्म्पक गर्नुहोला ।

| सि. नं. | पद, नाम | कार्य गर्नु पर्ने स्थान | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | एच.ए. (H.A.) (पाँचो तह) | सहरी स्वास्थ्य सेवा केन्द्र, मंगलपुर | ४ (चार) | |
| २ | अ.न.मी.(चौथो तह) | सहरी स्वास्थ्य सेवा केन्द्र, सर्सा | ४ (चार) | |
| ३ | का.स(श्रेणी विहिन) | सहरी स्वास्थ्य सेवा केन्द्र, किसानपुर | ४ (चार) | |

**शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक हुनुपर्ने छ।
२. न्यूनतम योग्यता - मान्यता प्राप्त शिक्षण संस्थाबाट एच.ए. (H.A.) को हकमा (H.A.), अ.न.मी.को हकमा ANM/Staff Nurse विषयमा उतीर्ण भएको हुनुपर्ने छ ) ।
३. १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने छ।
४. H.A. हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई म्याद ननाघेको प्रमाण पत्र हुनुपर्ने छ।
५. ANM को हकमा नेपाल नर्सिङ्ग परिषदमा दर्ता भई म्याद ननाघेको प्रमाण पत्र हुनुपर्ने छ।
६. का.स. का हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ ओ कक्षा उतीर्ण गरेको प्रमाण पत्र हुनुपर्ने छ।
७. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने छ।

**दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरू :-**

१. दरखास्त दिने उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणीत प्रतिलिपी तथा प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणीत प्रतिलिपी संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणीत गर्नुपर्ने छ। स्थायी बसोवासका प्रमाणको हकमा नेपाली नागरिकता वा बसाईसराई प्रमाण पत्र वा स्थायी बसोवासको सिफारिस पेश गर्नुपर्ने छ।
२. प्रति दरखास्त दस्तुर H.A., अ.न.मी को हकमा रु. ७००।- र का.स.को लागि रु. ५०० लाग्नेछ।

**नोट :-**

१. छनोट विधि र तलव तथा अन्य सेवा सुविधाका लागि **http://dhanushadhammun.gov.np** मा जानकारी प्राप्त गर्न सकिनेछ।
२. सुचना अवधि वा नतिजा प्रकाशन गर्नु पूर्व जुनसुकै बखत आंशिक वा पुर्ण रुपमा छनोट सम्बन्धी कार्य स्थगीत वा रद्ध गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



## Province no.2
## Office of the Chief Minister and Council of Ministers
## Janakpurdham, Dhanusha

## Notice of Intention to Award the contract

Published date: 8th June 2020

This is to notify all the concerned that, it is our intention to award the contract to the following bidders selected as substantially responsive lowest evaluated bids with respect to the following contract Id nos. and works.

This notice is being published for the provision of clause 27(2) of Public procurement Act, 2063 of Nepal.

| S.n. | Contract Id no. | Selected bidder`s name and address | Evaluated bid price including VAT&PS (NRs) | Remarks |
|---|---|---|---|---|
| 1 | OCMCMS2/NCB/WORKS/ 076/077-11,Protection and Conservation of Purni pond, Ekrahiya, Pipra-01,Mahottari | M/s Y.B Nirman Sewa ,Janakpur-04 | 39,84,730.09 | |
| 2 | OCMCMS2/NCB/WORKS/ 076/077-13,Protection and conservation of Purain Pond,Bhoil,-Janakpur-18 ,Dhanusha | M/s Maa Sita Construction ,Janakpur-09 | 28,81,243.69 | |
| 3 | OCMCMS2/NCB/WORKS/ 076/077-14,Protection & Conservation of Purni pond,Nagrain na.pa.-07,Dhanusha | M/s Maa Sita Construction ,Janakpur-09 | 28,37,456.19 | |
| 4 | OCMCMS2/NCB/WORKS/ 076/77-15,Protection & Conservation of Anand Pond,Anandnagar,Janakpur-04 ,Dhanusha | M/s Maa Sita Construction ,Janakpur-09 | 19,23,264.23 | |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# बहुआयामिक सांस्कृतिक सम्बन्ध



श्रीमन नारायण

नेपाल-भारत मैत्री सम्बन्धका कतिपय अपरिहार्य तत्वहरु छन जसमध्ये सांस्कृतिक समानतालाई एउटा प्रमुख घटकको रुपमा लिन सकिन्छ। सरकारहरुको सञ्चालन आफ्नै तरिका र परिस्थितिहरुको बाध्यात्मक अवस्थाबाट संचालन भईरहेको हुन्छ तर दुई देश बीचको सांस्कृतिक समानताका कारण जनस्तरमा स्थापित सम्बन्ध र बन्धुत्व कहिल्यै कमजोर भएन्। नेपाल र भारत बीचको सँस्कृति सम्बन्ध यति बढी प्रगाढ एवं अद्वीतिय छ कियसको बरावरी विश्वका अन्य कुनै पनि दुई देश बीचको सम्बन्धले गर्न सक्दैन। यी दुई देश बीचको सांस्कृतिक सम्बन्ध शताब्दियौं पुरानो हो। नेपाल र भारत एक अर्का सित आध्यात्मिक,धार्मिकएवं सांस्कृतिक रुपमा अनन्यभावले जोडिएको छ।

नेपाल एवं भारत बीचको सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधि भित्र बाध्न सक्दैनौं किनभने वैदिक ज्ञानको दृष्टिकोणले हामीले आँखा खोले देखिनै नेपाल-भारत सांस्कृतिक सम्बन्धको अस्त्विलाई हामी अफू सँगै सुन्दैर बुझ्दै आएका छौं। धर्म, अध्यात्म र संस्कृतिको एकताले भारतलाई नेपाल सित आन्तरिक रुपमा यसरी बौधिदिएको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छ। नेपाल सित भारतको सम्बन्ध त्यति नै प्राचीन छ जति प्राचीन उसको सांस्कृति चेतना हो। भारत नेपाल दुवै देश एउटै सांस्कृतिक चेतनाका साझेदार संवाहक हुन। हिमालय हामी दुवैको निम्ति आत्म साधनाको स्थल रही आएको छ। अनन्तकाल देखि नै हिमालय काम हान चोटीहरुले हामी दुवैलाई आध्यात्मिक शक्ति प्रदान गर्दै आएको छ।

जनआन्दोलन २ को सफलता पश्चात नेपालको अन्तरिम सरकारका प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराई भारत भ्रमण मागएका वरवतउनले दुई देश वीचको सम्बन्धलाई परिभाषित गर्दै भनेकाथिए

**"अस्त्युत्तरस्यां दिशि देवात्माहिमालयो नामनगाधिराज :।**
**"पूर्वापरौ तोयनिधीवगाहय स्थित:**
**पृथिव्याइवमानदण्ड:॥ मेघदूतम्।**

देउताहरुको आत्मा, ऋषिमुनिहरुको तपोभूमि, गंगा, यमुना, कोशी, गण्डकी, कर्णालीको उदगम स्थल, विदेशीहरुको आकर्षणको केन्द्र मनोहर हिमालय यस पृथ्वीको मापनयन्त्रहोयसको पूर्वी तथा पश्चिमी क्षेत्र महासागरबाट स्नेह प्राप्त गर्दै अनादिकाल देखि स्थित छ। योरमणीय हिमालय नेपाल र भारत का प्रत्येक व्यक्तिको आस्थाको एवं श्रद्धाको केन्द्र विदु रही आएको छ। यस हिमालयको दक्षिणी क्षेत्रमा नेपाल तथा भारत अवस्थित छ। जगतका माता-पिता पार्वती र शंकर हाम्रा आदि देव हुन,उनको निवास स्थान कैलास पर्वत मानिन्छ जुनकि नेपाल र भारत दुवै देशका भक्तजनहरुको पवित्रतीर्थ स्थल पनि यो हो। दुवै देश हिन्दु वाहुल्य भएर पनि धर्म निरपेक्षतालाई स्वीकार गरेकोछ। यहाँ का नागरिकहरु जुन धर्म एवं पन्थका अनुयायी भए पनि आपसमा मिलेर बस्दछन। यहाँ धार्मिक उदारता र सहिष्णुता पनि उच्च कोटीको रहेको पाईन्छ।

प्रसिद्ध समाजवादी नेता तथा भारतका पूर्व प्रधानमन्त्री चन्द्रशेखर जनकपुर धाम भ्रमणमा आएका वखत त्यहाँ आयोजित अभिनन्दन समारोहमा भाषण गर्दै भावविभोर भएर माता सीताको वन्दना गरेका थिए। उनले भनेका थिए कि भगवान रामलाई पनि पुरुषार्थको प्रेरणा सीतावाट नै प्राप्त भएको थियो।

लंकालाई रावणाको अत्याचारी शासनबाट मुक्त गराएर रामले विभिषणलाई त्यहाँको राजा बनाउँदा सचेत गराएका थिए कि यदि धनजनको यति बढी हानीका पश्चात प्राप्त यस जनधिकारको यदि विभिषणले रक्षागर्न सकेनन् भने प्रजाले उनलाई पनि सत्ताबाट च्यूतगर्ने छन। वर्तमान युगमा पनि जनताको समर्थन एवं सकियताबाट सत्ताधारी भएका शासकगणले जनतालाई समानता र न्यायको अनुभूति गराउन सकेनन् भने लामो समय सम्म नेतृत्वगर्न सक्ने छैनन्। श्री चन्द्रशेखरले जातिएवं सम्प्रदायको संकिर्णताबाट माथि उठेर विदेह राजाजनकको उदारतालाई आफनो आदर्श वनाउन सबै सितआग्रह गरेकाथिए।

करिबछवर्ष अघि नेपाल भ्रमणमा आएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि भगवान पशुपतिनाथको दर्शन पछि भनेका थिए कि नेपालका पशुपतिनाथ र भारतका केदारनाथ दुबै एउटै शिवको दुई वटा नामहुन, एउटै ईश्वरीय शक्तिका दुई वटा रुप हुन्। दुई भिन्न स्थान र दुई भिन्न देशमा अवस्थित रहेर पनि यिन मातात्विक भिन्नता छैन ठीक त्यसरी नै नेपाल र भारतको संस्कृतिमा कुनै तात्विकभिन्नता छैन चाहे यी दुईको संस्कृतिमा परिवेश र समय परिवर्तनका कारण केही भिन्नता किन् नदेखियोस्। उनले पशुपतिनाथको नगरी काठमाडौं र काशी विश्वनाथको नगरी वाराणसी सित आवागमनको सुविधा सहज हुनुपर्ने आवश्यकता पनि महसुस गरेकाथिए। भारतका पूर्व प्रधानमन्त्री चन्द्रशेखर पछि जनकपुरधामको धार्मिक भ्रमण गर्ने नरेन्द्र मोदी भारतका दोस्रो प्रधानमन्त्री हुनेछन्। भारतका हजारो तीर्थालुहरु भगवान पशुपतिनाथ, गौतम बुद्धको भुमितथा माता जानकीको दर्शन गर्न दिनहुँ नेपाल आउने गर्दछन। भनिन्छ, केदारनाथधामको दर्शन गर्नेले यदी पशुपतिनाथको दर्शन गर्न सकेन्न भन्ने पुन्यको लाभ हुदेन्। त्यसै गरी हजारो नेपाली तीर्थ यात्रीहरु पनि भारतको चारधाम,वाराणसी अयोध्या,मथुरा, द्धारका, बृन्दावन, तिरुपति, सिरडी, कामरुपकामाख्या,कोलकाता,गंगासागर, बैष्णो दवी तथा हरिद्धार जाने गर्दछन्। पितृ तर्पणको लागि गया जाने कर्म काणडीय मान्यता पनि रही आएको छ। भौगोलिक परिस्थितहरुका कारण दुवै देश बीच आवागमन पनि सरल भएकाले कम खर्चमा दुवै देशका नागरिकहरु आ-आफ्ना आराध्यको दर्शन तथा पूजा गर्न सफल भईरहेका छन्। नेपाल र भारत वीचको सांस्कृतिक सम्बन्ध त अद्वीतिय एवं घनिष्ट छ नै सामाजिक संरचनापनि एक समान नै रहेका छन्। सामाजिक रीतिरिवाज, खान-पान भेष-भूषा बोल-चालको भाषा करीव-करीव एक जस्तै रहेको पाईन्छ। जसरी भारतका जनता धार्मिक रुपले उदार एवं सहिष्णु हुन्छन ठीक त्यसरी नै नेपाली जनता पनि धार्मिक, उदार र सहिष्णु हुन्छन शायदत्यही भएर होला कुनै नेपाली भारत भ्रमणमा जाँदा र भारतका जनता नेपाल आउँदा अपनत्वको अनुभूति गर्ने गर्दछन तथा कुनै किसिमको समस्या उत्पन्न हुदैन।

**सर्वेभवन्तु सुखिन : सर्बे सन्तु निरामया।**
**सर्वे भद्राणि पश्यन्तु माकश्चितदु:खभागभवेत ॥**

यो कल्याणमयी भावनाले यीदुई देशको सामाजिक व्यवस्था ओतप्रोत रहेको पाईन्छ। चार वेद अठारह पुराण, गीता,धर्म शास्त्रहरु, हाम्रा एउटै हुन। नेपाल र भारतका आर्यहरु एउटै ऋषिका वंशज एवं सन्तान हुन। तीन देवता ब्रम्हा-विष्णु, महेश, तीन शक्तिहरु महाकाली, महालक्ष्मी रमहा सरस्वतीलाई हामी समान रुपले पूजा गर्दछौं।

यस्तै पंचदेवता, विष्णु, पंचभौतिक, दशदिक्पालएवं नवग्रहादिदेवताहरुको पनि समान रुपमा पुजा-अर्चना गरिन्छ। अहिंसा परमो धर्म:को भावना हामी दुवै देशका जनतामा सामान रुपले विद्यमान छ। पशुपंक्षी, जडसंगम सबैमा ईश्वर को अंश हेर्ने हाम्रो मान्यता रही आएको छ। तसर्थ हामी बीचको सांस्कृतिक सम्बन्ध अद्धितिय प्रगाढ एवं अटल रहेको छ।

***नेपाल एवं भारत बीचको सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधि भित्र बाध्न सक्दैनौं किनभने वैदिक ज्ञानको दृष्टिकोणले हामीले आँखा खोले देखिनै नेपाल-भारत सांस्कृतिक सम्बन्धको अस्त्विलाई हामी अफू सँगै सुन्दैर बुझ्दै आएका छौं। धर्म, अध्यात्म र संस्कृतिको एकताले भारतलाई नेपाल सित आन्तरिक रुपमा यसरी बौधिदिएको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छ। नेपाल सित भारतको सम्बन्ध त्यति नै प्राचीन छ जति प्राचीन उसको सांस्कृति चेतना हो। भारत नेपाल दुवै देश एउटै सांस्कृतिक चेतनाका साझेदार संवाहक हुन। हिमालय हामी दुवैको निम्ति आत्म साधनाको स्थल रही आएको छ। अनन्तकाल देखि नै हिमालय काम हान चोटीहरुले हामी दुवैलाई आध्यात्मिक शक्ति प्रदान गर्दै आएको छ।***

## सम्पादकीय

# सरकार निष्कृय

प्रदेश २ मा कोरोना भाइरसको संक्रमण तिव्र रुपमा फैलिरहेकोछ।संक्रमितको संख्या हजार नाघिसकेकोछ।कोरोना भाइरसबाट संक्रमितहरुको उपचार गर्ने ठाउँको अभाव हुन थालेकोछ।घरमै आइसोलेट गरेर राख्न सरकारले सुझाव दिन थालेका छन्।क्वारेन्टाइनको अवस्था अस्तव्यस्त छ।समयमै परीक्षण नहुँदा क्वारेन्टाइनमा संक्रमितको संख्या झन बढन थालेकोछ।क्वारेन्टाइनमा रहेका मानिसहरुमा संक्रमण बढने क्रम तिव्र छ।पीसीआर टेस्ट नहुँदा क्वारेन्टाइनमा ठूलो संख्यामा रहेका मानिसहरुमा सत्रमण बढी सरेको देखिन्छ।स्वाब संकलन गरिएको २० दिन बितिसक्दापनि रिर्पोट आउँदैन्।लामो समयपछि आउने रिर्पोटको कुनै अर्थ छैन्।२० दिनमा रिर्पोट आए त्यहाँ रहेका संक्रमितहरुले कयौंलाई सारिसकेको हुन्छ।त्यसकारण रिर्पोट आए लगतै पीसीआर जाँच गर्नुपर्ने बाध्यता हुन्छ।प्रदेश सरकारको समाजिक विकास मन्त्रालयका अनुसार झण्डै ९ हजार स्वाब परीक्षण हुन बाँकी छ।स्वाब संकलनको गतिलाई सिमित गरिएपनि टेस्ट नहुँदा संख्यात्मक रुपमा थुप्रिन थालेकोछ।प्रदेश २ को सरकारको सकृय उपस्थिति कतै देखिदैन्।प्रदेश सरकारले प्रदेशभरिमा कतैपनि एउटा क्वारेन्टाइन सञ्चालन गर्न सकेको छैन्।प्रदेश सरकारको उपयोगिता नै साँगुरिदै गएकोछ।प्रदेशमा सरकारले प्रभावकारी ढंगले राहत समेत वितरण गर्न सकेको छैन्।विषम परिस्थितिमा सरकारले रोजगारीको अवसर पहिचान गर्न सकेको छैन्।विदेशबाट फर्किरहेका प्रदेशका बासिन्दाहरुलाई कसरी व्यवस्थापन गर्ने त्यस विषयमा सरकारले काम गरेको छैन्।सरकार निरिह देखिएपनि उपभोक्ता मार्फत करोडौ रुपैया अनियमितता गरिरहेकोछ।वर्षा भइरहेको बेला माटो र ग्राभेलको नाउँमा प्रदेश सरकारले रकम हजम गर्दैछ।गत वर्षकै भुक्तानी नपाएका उपभोक्ताहरुले यस वर्षपनि करोडौको काम हात पारेका छन्।वर्षामा माटो सडकमा हालेर रकम कुमल्याउन खप्पिस उपभोक्ताहरुलाई मन्त्रीले राम्रै मौका दिइरहेका छन्।भौतिक पूर्वाधार मन्त्रालय लुटको अड्डा बनेकोछ।पालिकाहरुसित समेत समन्वय नगरि माटोको सडक बनाएर करोडौ अनियमितता गरेपनि मुख्यमन्त्री मौन छन्।प्रदेशमा भोकै मानिस मर्न थालेका छन्।कोरोना भाइरस संक्रमितलाई प्रदेश सरकारले समुचित भोजन समेत उपलब्ध गराउन सकेको छैन्।संक्रमितको संख्या बढेपनि जाँच गराउन सकेको छैन्।तर करोडौ रुपैया अनियमितता गर्न माटोको सडक बनाइरहेकोछ।साउन सम्म नटिक्ने सडकमा करोडौ लगानी गर्ने सरकारले विपन्नहरुको जीवन रक्ष।गर्न असफल भएका छन्।पार्टी भित्रका एउटा गुटको कार्यकर्तालाई पाल्न सरकार बनेको होइन्।सरकारले समानुपातिक ढंगले आवश्यकता अनुसार काम गर्नुपर्छ।अहिले प्रदेशमा कोरोना भाइरसबाट लड्न नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु पर्ने हो।तर प्रदेश सरकारले विपन्नको जीवन रक्षाका लीगि गंभीर छैन्।धनुषा र महोत्तरीमा मात्र झण्डै १ अर्बको माटो, ग्राभेल र पीसीसीको काम जेठको अन्तिम हप्ताबाट सुरु भएकोछ।ती सबै काम असारको अन्तिम हप्ता सम्म सम्पन्न भएर भुक्तानी हुनेछ।तर पीसीआर टेस्टको अभावमा प्रदेशमा संक्रमित दिनहुँ थपिदै छन्।

# युवालाई धूम्रपानको कुलतबाट कसरी बचाउने ?

● डा अरुण शाही

साथीभाइको लहलहै र विज्ञापनबाट आकर्षित भएर धेरै युवा अहिले धूमपानको कुलतमा फस्ने गरेका छन्। कोही पनि धूमपान तथा सुर्तीजन्य पदार्थको कुलतमा नफसुन् भनेर प्रत्येक वर्ष मे ३१ तारिखका दिन विश्व धूमपानरहित दिवस मनाउने गरिन्छ। यो वर्ष पनि धूमपानप्रति आकर्षित युवालाई कसरी सुर्तीजन्य पदार्थको विज्ञापन तथा मार्केटिङबाट बचाएर धूमपान गर्नबाट हतोत्साही गर्ने भन्ने विषयमा जनचेतनामूलक कार्यक्रमहरु आयोजना गरेर विश्व धूमपानरहित दिवस मनाइयो।

प्रत्येक वर्ष विश्व स्वास्थ्य संगठनले यो दिन सुर्तीजन्य पदार्थ विरुद्ध जागरण अभियान चलाउँदै, यसबाट हुने स्वास्थ्यसम्बन्धी हानिकारक र सम्भावित रोगका बारेमा जानकारी गराउँदै विश्वभरका सरकारलाई सुर्तीजन्य पदार्थको विरुद्धमा राष्ट्रिय योजना बनाई यसको बेचबेखन तथा प्रयोग गर्न हतोत्साहित गर्ने कानुनलाई प्रभावकारी बनाउन घचघच्याउने गर्छ। विश्व स्वास्थ्य संगठनका अनुसार सुर्तीजन्य पदार्थको सेवन गर्नाले प्रत्येक वर्ष विश्वमा ८० लाख मानिसको अकालमा मृत्यु हुने गर्छ। यो संख्या आगामी वर्षहरुमा यसको सेवनमा कमी नगरे अझ बढ्ने खतरा छ। विश्व स्वास्थ्य संगठनको सन् २०१८ को तथ्यांक अनुसार प्रत्येक दिन नेपालमा सुर्तीजन्य पदार्थको सेवनले ७५ जना मानिसको मृत्यु भएको पाइएको थियो। समग्रमा हेर्दा नेपालमा महिला भन्दा पुरुषले बढ़ी मात्रामा सुर्तीजन्य पदार्थको सेवन गर्छन्। यसले धेरै मानिसको अकालमा मृत्यु हुने गरेको देखिन्छ । सुर्तीजन्य पदार्थको सेवनले धेरैथरीका क्यान्सर (जिब्रो, फोक्सो, मुख, घाँटी आदिको), मुटु रोग, स्ट्रोक, फोक्सोसम्बन्धी रोग तथा अन्य स्वास्थ्य समस्या हुन्छ । यो वर्ष विश्व स्वास्थ्य संगठनले युवालाई सशक्त बनाई विश्वका ठूला प्रख्यात सुर्तीजन्य पदार्थ बेच्ने कम्पनीका विज्ञापन तथा मार्केटिङमा नफसी कुनै पनि सुर्तीजन्य पदार्थ तथा यसका उत्पादन (ई(सिगरेट, भेपिङ डिभाइस) स्वास्थ्यका लागि अति हानिकारक रहेको तथ्य बुझ्न तथा यसको प्रयोगलाई हतोत्साही पार्न युवालाई यसको सेवन गर्न निरुत्साहित पार्ने मुख्य उद्देश्य रहेको छ।

यसका लागि समाजमा अग्रणी भूमिका खेल्ने सञ्चारमाध्यम, शिक्षक, अभिभावकलाई प्रयोग गरेर भए पनि युवालाई यसको सेवनबाट टाढा राख्नुपर्ने सन्देश दिन खोजेको छ।

विश्व स्वास्थ्य संगठनका अनुसार सुर्तीजन्य पदार्थ बनाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीले निम्न तरिका (विज्ञापन) बाट युवालाई आकर्षित गर्न खोज्नेछन्।

(स्वाद (फ्लेभर्स) : चेरी, स्ट्रबेरी, चकलेट लगायत विभिन्न स्वादमा सुर्तीजन्य पदार्थ बेच्नु।

(ढाँचा (डिजाइन) : स्टिक्स, क्यान्डी, हुक्का जस्ता आकर्षक देखिने सजिलैसँग बोक्न तथा लुकाउन मिल्ने आकारमा बनाउनु।

(नभएको कुरा : सुर्ती उत्पादक कम्पनीले कहिल्यै नभएको अनुसन्धान तथा खोज जस्तैः भेपिङ डिभाइसलाई लिन सकिन्छ। योभन्दा चुरोट नै सफा तथा स्वास्थ्यका लागि कम हानिकारक छन् भनेर देखाउँछन्। यी कुरामा पनि सत्यता छैन।

(व्यापारिक कुरा : समाजका चर्चित व्यक्तिहरु जस्तैः सेलिब्रेटीलाई आफ्नो उत्पादनको विज्ञापन गराउने गर्छन्।

(सहज बिक्री स्थान : चुरोट तथा सुर्तीजन्य पदार्थलाई मिठो, गुलियो स्न्याक्स पाइने स्थानको नजिकै बिक्रीलाई राख्ने गरिन्छ। जसमा युवाको सहज पहुँच हुन्छ।

(चलचित्र : चलचित्रमा कलाकारले चुरोट तथा सुर्तीजन्य पदार्थ सेवन गरिरहेको अथवा टेलिभिजनमा देखाएर युवालाई आकर्षित गर्ने प्रोपोगान्डा पनि गरिन्छ ।अहिलेसम्मको खोज तथा अनुसन्धानका अनुसार धेरैजसोले किशोरावस्था (टिनएज) बाट यसको सेवन सुरु गर्छन्। जति सानो उमेरमा सुर्तीजन्य पदार्थ सेवन गर्न सुरु गर्‍यो, त्यति नै यसको गहिरो लत बस्ने सम्भावना रहन्छ। यही कारणले गर्दा युवाहरु चुरोट तथा सुर्तीजन्य पदार्थको सेवनबाट टाढै बस्नु स्वास्थ्यको लागि राम्रो हुन्छ।

# यो बेला किन अधिकांश मृत्यु कोभिड १९ बाहेक अन्य कारणले हुनेछ ?

*जारिया गोर्भेट / बीबीसी फ्युचर*

गिनीमा वनभित्र भएको मेलीयान्डू गाउँमा दुई वर्षका एमिल उयोमोनो घरनजिकै रूखको टोड्कोमा खेल्न औधी रुचाउँथे।

उक्त रूखमा चमेरा र अन्य पशुपक्षी पनि आश्रित थिए। कहिलेकाही केटाकेटीहरू चमेरा समाउँथे र खानासँगै पकाएर खान्थे।त्यसपछि एमिल बिरामी भए। सन् २०१३ को डिसेम्बर २८ मा अनौठो रोग लागेर उनको ज्यान गयो। त्यसपछि उनकी आमा, बहिनी र हजुरआमाको पनि मृत्यु भयो। उनीहरूको अन्तिम संस्कारपछि उक्त रोग बिस्तारै फैलिन थाल्यो।

मार्च २३ २०१४ सम्म ४९ जनामा रोग देखियो। तीमध्ये २९ जनाले ज्यान गुमाए। वैज्ञानिकहरूले इबोला भाइरसको सङ्क्रमण फैलिएको त्यति बेलै पुष्टि गरेका थिए।

त्यसपछिको साढे तीन वर्षसम्म विश्वलाई त्रस्त बनाएको उक्त भाइरसले ११,३२५ जनाको ज्यान लियो।

तर त्यसो भइरहँदा अर्को विपद् पनि आयो। इबोला महामारीका कारण स्थानीय स्वास्थ्यसेवाले ठूलो क्षति बेहोर्नुपर्‍यो। स्वास्थ्यकर्मीले ज्यान गुमाए, ठूलो सङ्ख्यामा अस्पताल बन्द भए र खुल्ला अस्पतालहरूले पनि इबोलाका कारण उत्पन्न चाप धान्न सङ्घर्ष गर्नुपर्‍यो।

सबैभन्दा बढी प्रभावित सिएरा लिओन, लाइबेरिया र गिनीमा मानिसहरूले स्वास्थ्यसेवालाई बेवास्ता गर्न थाले। उनीहरू नयाँ रोगसँग मात्र हैन, चिकित्सकहरूसँग पनि डराएका थिए।

व्यक्तिगत सुरक्षाका लागि विशेष पोसाक लगाउँदा डरलाग्दा देखिएका चिकित्सकहरूको नाम आकस्मिक रूपमा भइरहेका मृत्युसँग जोडिएको मात्रै थिएन, उनीहरूलाई बदनाम पनि गरिएको थियो।

परिणामस्वरूप सन् २०१७ मा गरिएको एउटा अध्ययनले महामारीका कारण स्वास्थ्यसेवाको लोकप्रियतामा नाटकीय रूपमा कमी आएको देखायो। गर्भवतीहरूले सन्तान जन्माउनका लागि उपचार खोज्ने प्रवृत्ति ८० प्रतिशतले कम भएको थियो। खोप लगाउने दर घटेको थियो भने औलो लागेका ४० प्रतिशतभन्दा कम बालबालिकामात्रै अस्पताल गएका थिए।

महामारी नियन्त्रणका लागि व्यापक अन्तर्राष्ट्रिय प्रयास भए। तर उक्त सङ्क्रमणले निम्त्याएको क्षति रोगभन्दा खतरनाक थियो।

सुरुमा धेरै राष्ट्रले आफ्ना नागरिकलाई कोभिड(१९ लाई प्राथमिकतामा राखिएको र अस्पतालमा शय्या र भेन्टिलेटर विस्तारजस्ता कामलाई प्राथमिकतामा राखिएको बताए। प्रमाणित नभए पनि ठूलो परिमाणमा औषधिहरू भण्डारण गरियो।अनि चिकित्सकहरूलाई




अस्पतालको श्वासप्रश्वास वार्डमा खटाइयो।

तर भयावह स्थिति नदेखिँदा प्रायः सबै काममा विलम्बभयो वा बेवास्ता गरियो। तिनमा कतिपय शल्यक्रियादेखि प्रजनन स्वास्थ्य सेवासम्म पर्छन्। धूम्रपान नियन्त्रण कार्यक्रम, मानसिक स्वास्थ्य सेवा, खोप, दाँतको उपचार, झाडापखालाको उपचार, क्यान्सरको जाँच र नियमित स्वास्थ्य जाँच प्रभावित भइरहेका छन्।सबैको ध्यान एउटै मात्र शत्रुमा केन्द्रित हुँदा त्यसले डरलाग्दो नकारात्मक परिणाम दिन थालिसकेको छ।

विश्वभरि बिरामीहरू क्यान्सरको उपचारबाट वञ्चित भएका, मिर्गौलाको डाईयालिसिस र प्रत्यारोपणसँग सम्बन्धित आकस्मिक शल्यक्रिया गर्न नपाएका र त्यसले कहिलेकाहीँ घातक परिणाम दिएका विवरण आएका छन्।

बाल्कन क्षेत्रमा महिलाहरूलाई जोखिमपूर्ण ढङ्गले आफैँ गर्भपतन गर्न लगाइएको छ। संयुक्त अधिराज्यमा दाँत मिलाउने उपचार विधि अपनाइरहेका मानिसहरूमा आफ्नै तरिकाले चुइङ्गम, तार काट्ने औजार अनि सुपरग्लूको प्रयोग गर्ने क्रम बढेको विज्ञहरूले बताएका छन्।अझ विपन्न देशमा अहिलेको महामारीले अवस्था थप कष्टकर बनाएको छ।

वैज्ञानिकहरूले एचआईभी, क्षयरोग र औलो नियन्त्रणमा कतिपय ठाउँमा अहिले देखिएको अवरोधले भाइरसले प्रत्यक्ष रूपमा पुर्‍याउने तहकै क्षति निम्त्याउने चेतावनी दिएका छन्। विज्ञहरूले हैजाजस्ता महामारीका कारण ज्यान गुमाउनेको सङ्ख्या कोभिड(१९ कै परिमाणको हुने आशङ्का व्यक्त गरिरहेका छन्।

मुख्य रूपमा खोप अभियानबारे चिन्ता व्यक्त भएको छ। विश्व स्वास्थ्य सङ्गठनले कोरोनाभाइरस महामारीका कारण ६८ देशमा खोप कार्यक्रम प्रभावित हुँदा एक वर्षमुनिका आठ करोड बालबालिका दादुरा, भ्यागुते रोग र पोलियोजस्ता रोगको जोखिममा परेको चेतावनी दिएको छ।

# प्रदेश २ सरकारको नीति तथा कार्यक्रम सार्वजनिक



प्रदेश सभाको बैठकमा
माननीयप्रदेश प्रमुख श्री तिलक परियारज्यूद्वारा प्रस्तुत
आ.व. २०७७/७८ को
प्रदेश सरकारको नीति तथा कार्यक्रम

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेशनं. २
जनकपुरधाम
मितिः २०७७/०२/२५

**माननीय सभामुख,**
**माननीय सदस्यहरु ।**

१. विश्वमा नै कोभिड १९ को माहामारीले प्रभाव पारेको यस कठिन परिस्थितिमा प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु परेको छ।

२. जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेशजनविद्रोह र मधेस आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनहरुबाट स्थापित नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा विशिष्ट योगदान पुर्याई जीवन अर्पण गर्नुभएका सम्पूर्ण वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु।

३. कोभिड १९ को यस माहामारीबाट विश्वमा लाखौ मानिसहरुले ज्यान गुमाएका छन् भने लाखौ मानिसहरु संक्रमित भएका छन्। यस माहामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाएका नेपाली नागरिक र विदेशी नागरिकहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. यस कठिन परिस्थितिमा आफ्नो ज्यानको जोखिमलाई परवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, सफाइकर्मी, एम्वुलेन्स चालकलगायत यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक एवम सामाजिक संघसंस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

५. विश्वको इतिहासमा घटित यस्ता घटनाहरुवाट अपूरणीय मानवीय तथा आर्थिक क्षति भएपनि अन्ततोगत्वायस्ता माहामारीहरु माथि मानिसले जीत प्राप्त गरेको इतिहास साक्षी छ। तसर्थ, हामी हाम्रो लगनशीलता, धैर्यता तथा कर्तव्यनिष्ठाले यस्ता माहामारीलाई अवश्य जित्ने छौं भन्ने आशा राखेको छु। यस्तो परिस्थितिमा प्रदेश सरकार हरसम्भव जनताको साथ तन, मन तथा स्रोतले सदैव ऐक्यवद्ध रहनेछ।

६. प्रदेश सरकारको यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालीन क्षेत्रगतनीतिहरु, सहश्राव्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरु, कोभिड १९ ले पारेका प्रभाव न्यूनीकरण, प्रदेश सरकारको प्रथम पंचवर्षिय योजना, मध्यकालीन खर्च संरचना, चालु आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वियन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ।

**माननीय सदस्यहरु,**

७. कोभिड-१९ माहामारीले यस प्रदेशमा ल्याएको र आगामी वर्ष अझ थपिन सक्ने जनस्वास्थ्यका जोखिमहरु न्यूनीकरण गर्न, प्रभावित जनतालाई राहत प्रदान गर्न तथा यस माहामारी र सोका कारण प्रदेशभरी लगाइएको बन्दाबन्दीले गर्दा सुस्त बनेको आर्थिक-सामाजिक क्षेत्र एवं गुमेको रोजगारीका अवसरहरुलाई सम्वोधन गर्न र प्रदेशमा ठुलो संख्यामा फर्किदै गरेका नागरिकहरुका कारण थपिएको चुनौतीहरुको सामना गरी अर्थतन्त्रलाई चलायमान बनाई पुनर्सुदृढीकरण गर्न आगामी वर्ष अवलम्वन गरिने रणनीतिहरु तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु।

८. कोभिड-१९ माहामारीको जनस्वास्थ्य संग सम्वन्धित जोखिम कम गर्न स्वास्थ्य क्षेत्रको लगानी दोब्बर गरिनेछ। आवश्यकता अनुसार गुणस्तर युक्त क्वारान्टाईन केन्द्रहरु र आईसोलेसन केन्द्रहरु स्थापना गर्दै लगिनेछ। जोखिममा रहेका व्यक्तिहरुको पहिचान, पी.सी.आर. विधिको टेस्टिङ्ग र रोग संक्रमित व्यक्तिको उपचार कार्यमा प्रदेश सरकारले सबै खालको सहयोग पुर्याउने छ। संघ र स्थानीय सरकारसंग निरन्तर समन्वय गरी प्रदेशमा कोभिड-१९ को जोखिम न्यूनीकरण गर्न उपयुक्त व्यवस्थापकीय प्रबन्धहरु मिलाईने छ।

९. कोभिड-१९ माहामारी नियन्त्रण र उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीहरु, अस्पताल संरचनाहरु तथा उपकरणहरुको यथासमय खरिद, निर्माण र सर्वसुलभ उपलब्धतामा जोड दिईनेछ। कोरोना मात्रको उपचार गर्ने अस्पतालहरु छुट्याउने, अरु अस्पतालमा कोरोना बेड छुट्याउने, ज्वरो क्लिनिकहरु छुट्याउने, आई.सी.यू. बेडहरु थप्ने, रेस्पिरेटर र भेन्टिलेटरहरु प्रुदो मात्रामा उपलब्ध गर्ने र स्वास्थ्य संकट टार्न तात्कालिक उपचार केद्रहरु/अस्पतालहरु निर्माण गर्ने कार्यमा प्रदेश सरकार दत्तचित्त रहनेछ।

१०. स्वास्थ्य क्षेत्र र कोरोना जोखिमसंग जुझ्ने जिम्मेवारीमा रहेका सवै राष्ट्रसेवकहरुका लागि बिमा सुविधा, पी.पी.ई. किटको उपलब्धता, आवासीय सुविधा लगायत मनोवल बढाई वहाँहरुले पुर्याउने सेवामा प्रभावकारिता ल्याउन आवश्यक प्रवन्धनलाई सुदृढ वनाईनेछ। यस कार्यमा तत्काल सेवामा जुट्न सक्ने दक्ष जनशक्ति र स्वयंसेवकहरुको आपूर्ति निजी र गैरसरकारी क्षेत्रहरुवाट पनि गरिनेछ। कोरोना नियन्त्रण र उपचारमा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुको प्रभावकारी उपयोग गरिनेछ।

११. नियमित खोप सेवा, नियमित स्वास्थ्य परीक्षण र उपचार सेवालाई रोकिन नदिन सजगता अपनाई प्रभावकारी उपायहरु अवलम्वन गरिने छ। आवश्यक तथ्यांक एवं सूचना संकलन गरी कोभिड१९ बाट प्रभावित आम नागरिक र खासगरी बालबालिका, महिला, किशोरीहरु, बृध्दबृध्दा तथा अन्य जोखिममा रहेका व्यक्तिहरुकालागि मनोसामाजिक परामर्श सेवा (**psycho-social-counselling**)कार्यक्रम स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा संचालन गरिनेछ।

१२. गुणस्तरीय स्वास्थ्य परीक्षणको लागि प्रादेशिक प्रयोगशालालाई अत्याधुनिक बनाईनेछ।

१३. सरुवा रोग तथा आकस्मिक माहामारीबाट बच्न एकीकृत स्वास्थ्य नीतिको साथै २०० शैय्या सहितको प्रादेशिक सरुवा रोग नियन्त्रण अस्पताल बारा जिल्लाको कलैया उपमहानगरपालिका वडा नं. १६ भिटकैया र महोत्तरीको जलेश्वरमा निर्माण गरिनेछ।

१४. शल्यक्रिया सुविधा सहितको घुम्ती विशिष्टकृत स्वास्थ्य र ल्याव सेवा शिविर नियमित रुपमा संचालन गरिनेछ भने माहामारी तथा आकस्मिक रोगहरुको उपचारका लागि अस्पताल भित्र विशेष व्यवस्था मिलाइनेछ। त्यस्तै प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गर्नेगरी अभियानकै रुपमा सघन कार्यक्रम संचालन गरिनेछ।

१५. पोषण युक्त भोजन, व्यक्तिगत सरसफाई, सामाजिक दूरी, मास्कको प्रयोग र योगा, आयुर्वेदिक - यूनानी जस्ता वैकल्पिक उपचार विधिहरुको उपयुक्त प्रयोग गरी नागरिकहरुको रोग प्रतिरोधात्मक क्षमतामा वृध्दि ल्याउन कार्यक्रम संचालन गरिनेछ।

१६. कोभिड-१९ माहामारीले जनजीवन र जनजीविकामा पारेको असरलाई न्यून गर्न राहतका विशेष योजनाहरु संचालन गरिनेछ। चालु वर्षमा उपलब्ध गराइएको राहतलाई आगामी आर्थिक वर्षको प्रथम तीन महिनासम्म आवश्यक स्थान रआवश्यक समुदायमा निरन्तरता दिदै अहिलेसम्मको अनुभवको आधारमा स्थानीयतहको सहयोगमा संचालित राहत सहयोग योजनालाई पुनर्संरचना गरिनेछ। रोजगार विहीन दैनिक ज्यालादारीमा काम गर्ने मजदूरहरु, खेतीहर मजदूरहरु, भारत र तेश्रो मुलुकवाट फर्कनेवेखर्ची श्रमिकहरु र तिनका आश्रितहरु तथा विपन्न वर्गका नागरिकहरुलाई खाद्यान्न सहितको राहत तथा समुदाय स्वयंले संचालन गर्ने निःशुल्क भोजन कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१७. प्रदेश सरकारले प्रदेशमा हुने खाद्यान्न, दलहन, तेलहन, तरकारी, दूध र माछामासुको उत्पादन, पैठारी, भण्डारण तथा सार्वजनिक वितरण प्रणालीमा सुदृढीकरण गरी खाद्य सुरक्षाकोप्रत्याभूति गर्नेछ। यस कार्यकालागि साना र विपन्न किसानलाई विउ, मल र अन्य कृषि सामग्रीकालागि अनुदान प्रदान गरिनेछ। विपत्तिका वेला कृषि उत्पादनको बजार पहुँचकालागि कृषि एम्बुलेन्स, न्यूनतम मूल्यकोप्रत्याभूति र खरिद तथा उपयुक्त भण्डारणमा प्रदेश सरकारले लगानी गर्नेछ।

१८. कोभिड-१९ को प्रभावले गर्दा विपन्नतामा पुगेका थप जनताको पहिचान गर्न स्थानीय सरकारलाई सहयोग पुर्याईनेछ। विदेशबाट फर्केका र साविकमा प्रदेशमै रहेका यस्ता विपन्न परिवारहरुको पहिचान गरी परिचयपत्र तत्काल उपलब्ध हुनेव्यवस्था मिलाईने छ। तीनै तहका सरकारहरुद्वारा उपलब्ध हुने राहत र विशेष रोजगारीका कार्यक्रमहरुको एकीकृत, समन्वयात्मक र प्रभावकारी कार्यान्वियनद्वारा यी परिवारहरुलाई राहत र रोजगारी उपलब्ध गराईनेछ। एकल महिलाहरु, बृद्धबृद्धाहरु, अनौपचारिक र निर्माण क्षेत्रमा रहेका दैनिक ज्यालादारीमा काम गर्ने मजदूरहरुकालागि थप लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१९. मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन गरी स्वरोजगारद्वारा आफ्नो शीप प्रयोग गरी जीवनयापनको नवीन अवसरहरु प्राप्त गर्न चाहनेयुवाहरुकालागि तात्कालिक शीप र दक्षता तालीम, लघुकर्जा, औजार खरिद गर्न अनुदान प्रदान गरी निजी क्षेत्र समेतको सहभागितामा स्वरोजगारीका अवसरहरुको पहिचान गरी वजारमा आधारित रोजगारी श्रृजना गरिनेछ। साथै कृषि र गैर कृषि क्षेत्रसंग सम्वन्धित साना सिंचाई, कुलो निर्माण, नदी नियन्त्रण, कृषि सडक, सामुदायिक भवन, विद्यालय भवन र अन्य संरचनाहरुकोनिर्माण र सम्भारमा ५० हजार युवाहरुलाई रोजगारी दिईनेछ।

२०. साना, मझौला तथा परम्परागत पेशागत उद्योगहरुलाई विशेष पुनरुत्थान अनुदान उपलब्ध गराई रोजगारीका थप अवसरहरु श्रृजना गरिनेछ।

२१. शिक्षा क्षेत्रको पुनस्थापना गर्न बढी विद्यार्थी संख्या भएका विद्यालयहरुमा थप कक्षा कोठा निर्माण, थप अस्थायी र स्वयंसेवी शिक्षक भर्ना, दूरशिक्षा, र समुदायमा आधारित शिक्षामा लगानी गरी कोरोनाले गर्दा शैक्षिक सत्र खेर जान दिनवाट बचाईने र विद्यालय शिक्षाको गुणस्तरीय सिकाई सुनिश्चित गरी विद्यालय शिक्षामा विपन्नवर्गका बालबालिकाको पहुँचलाई सुनिश्चित गरिनेछ। अनलाईन शिक्षा, रेडियो, टि.भी. कार्यक्रम मार्फत शिक्षा, बालबालिकाको मनोसामाजिक उपचार, दिवाखाजा रआधुनिक प्रविधिमा लगानी गरी कोरोनाको शिक्षा क्षेत्रमा परेको नकारात्मक असर न्यून गर्न विशेष कार्यक्रम संचालन गरिनेछ। प्रदेश भित्र रहेका घरपरिवारहरुको तथ्याङ्क संकलन गरी निरक्षर व्यक्ति लक्षित लचिलो शिक्षा कार्यक्रम (**Flexible schooling program**) तथा अनौपचारिक शिक्षा (**Non-formal education**) कार्यक्रम सञ्चालन गरी प्रदेशलाई "साक्षरप्रदेश" बनाउनेगरी साक्षरता कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरिनेछ।

२२. कोभिड-१९ को कारण बन्दाबन्दीमा परेको आर्थिक क्षेत्र, कलकारखाना, पर्यटन, सेवा क्षेत्र, यातायात, बजार, मालवस्तुको आपूर्ति, व्यापार, सामाजिक प्रतिष्ठान र सामाजिक कृयाकलापहरु, समग्र निजी क्षेत्रका व्यवसाय एवं आर्थिक कृयाकलापहरु यथाशीघ्र पुनः चलायमान गरी आर्थिक सामाजिक गतिविधिको पूर्णतः पुनर्स्थापन गरी आर्थिक बृद्धि हासिल गर्न जरुरी छ। तर कोभिड-१९ पश्चातको जनजीवन यसपूर्वको जनजीवन जत्तिकै सहज हुन अझै कठिन छ। सामाजिक दूरी कायम राख्दै र व्यक्तिगत सरसफाई लगायत मानवीय सुरक्षाको न्यूनतम प्रत्याभूति नगरी बन्द व्यवसाय खुल्न पनि सक्दैनन्। साथै बजारमा आपूर्तिको सहजता मात्र होईन, वस्तु र सेवाको माग पुनस्स्थापित हुन नागरिकसंग रोजगारी हुन, नगद प्रवाह हुन र खर्च गर्ने मनस्थिति फर्किन पनि जरुरी छ। यसका लागि संघ र स्थानीय सरकारसंग समन्वय गर्दै प्रदेश सरकारले आर्थिक कृयाकलाप पुनःस्थापित गर्न निम्न कुराहरुमा जोड दिदै विशेष आर्थिक कार्यक्रम संचालन गर्नेछ।

(क) साना, मझौला उद्योग र सहकारी क्षेत्रका संस्थापनहरुलाई कर र शुल्क छुट, ऋणमा सहुलियत पूर्ण सुविधा तथा साना अनुदान कार्यक्रम;

(ख) कृषि र गैर कृषि उत्पादनहरुलाई बजार पहुँच तथा विचौलियाकोचंगुलवाट वचाउन कृषि एम्बुलेन्स सेवा, न्यूनतम मूल्य निर्धारण र सार्वजनिक खरिद, ढुवानी नगद अनुदान, प्रदेश र स्थानीय सरकारद्वारा प्राथमिकता युक्त दरमा खरिद तथा किसान र उपभोक्ताका सहकारी संस्थाहरुलाई अनुदान;

(ग) पर्यटन र होटल व्यवसायको पुनरुत्थान कार्यक्रम, कर र शुल्क सहुलियत एवं आन्तरिक पर्यटन प्रवर्द्धन विशेष कार्यक्रम;

(घ) औद्योगिक क्षेत्र र औद्योगिक करिडोरमा रहेका उद्योगहरु लगायत प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरु यथाशीघ्र पूर्ण क्षमतामा संचालन हुन श्रमिक आपूर्ति र श्रमिकको सुरक्षा, कच्चा पदार्थको आपूर्ति र ढुवानी सहजता एवं अन्य सुविधाहरुको प्याकेज प्रदान गर्दै थप लगानी ल्याउन वातावरण निर्माण;

(ङ) प्रादेशिक औद्योगिक व्यवसाय ऐन र तद्नुरुपको नियमावली यथाशीघ्र निर्माण गरी कार्यान्वियन लगायत मध्यकालीन सुधारहरुको घोषणाद्वारा प्रदेशमा औद्योगिक संस्थापनहरुको संरक्षण र प्रवर्द्धन;

(च) सामाजिक दूरी कायम गर्दै र मानवीय सुरक्षाका दृष्टिले व्यक्तिगत सरसफाई र स्वास्थ्य सुरक्षामा लगानी गरी व्यवसाय संचालन गर्न प्रोत्साहन कार्यक्रम; तथा

(छ) व्यापार, आपूर्ति, यातायात एवं निर्माण क्षेत्रको पुनर्स्थापन, संरक्षण र सम्वर्द्धनका लागि सहजीकरण कार्यक्रम। विपन्न, गरिब, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेस आन्दोलनका सहिद र घाइते परिवारको आयआर्जन तथा जिवको पार्जनमा टेवा पुर्याउन "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम" लगायतका स्वरोजगार मूलक विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ। यो योजनाको निर्देशिका र कार्यान्वियनकोयोजना समेत तयार भैसकेकोले आ.व.को प्रथम चौमासिकमै यो योजनाको शुभारम्भ गरिनेछ। यो योजना अन्तर्गत दश कट्ठासम्म जग्गा भएका तथा आफै कृषि कर्म गर्ने सम्पूर्ण किसानका बैंक खाता खोली सो खातामा बर्षेनी दस हजार नगद राखिनेछ। सो अनुदानको नगद किसानले बीउ, मल, सिँचाईमा प्रयोग गर्नुपर्नेछ।

२३. कोरोना माहामारीका कारण वैदेशिक रोजगारीबाट फर्केका वा स्वदेश मै उद्यम गर्न उत्साहित युवा वर्गलाई प्रोत्साहन गर्न किसान कार्डमा आधारित "नव प्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम" कार्यान्वियनमा ल्याइनेछ। साथै एकीकृत कृषि उत्पादन प्रणालीमा समेत जोड दिइनेछ।

२४. संसदीय लोकतान्त्रिक प्रणालीमा प्रदेश सभाको गरिमा उच्च राख्न सभामुख निर्वाचन क्षेत्र विकास योजना आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिनेछ।

२५. कोभिड १९ को प्रभाव बढिरहेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सूचना तथा सञ्चार र प्रविधिको प्रयोग गरी स्रोत साधन सम्पन्न बनाई प्रदेश सभाको कार्यलाई प्रभावकारी बनाइनेछ।

२६. तरकारी, फलफुल, दूध, अण्डा, मासु, माछा, च्याउ आदी जस्ता नाशवान उपजहरुको बजार सुनिश्चतता र सहज आन्तरिक वितरणका लागि सरकारी, सहकारी र निजी संघसंस्थाहरुसँगको सहकार्यमा उत्पादन थलोवाट उपज खरिद तथा सुपथ मूल्यमा बिक्री व्यवस्थापन सम्बन्धी उपयुक्त र भरपर्दो संयन्त्रको विकास गरिनेछ। यस्ता संयन्त्रको विकास गर्दा कृषि उत्पादन मूल्य श्रृंखलामा कृषकहरुको भूमिका (**Leverage**) बढाइने छ।

२७. सहकारी खेती (**Cooperative farming**) र करार खेती (**Contract farming**) र सहकारी करार खेती (**Cooperative Contract farming**) प्रणाली मार्फत कृषि उपजको आन्तरिक र बाह्य बजारमा बिक्री व्यवस्थापनको लागि सहजीकरण गरिनेछ।

२८. सहकारी र निजी कम्पनी, उत्पादक समूह तथा संगठनलाई प्रतिफलमा आधारित प्रोत्साहन (**Performance based incentives**) प्रदान गरी कृषि बजार सेवा प्रवाहतर्फ आकर्षित गरिनेछ।

२९. "**Farm to Fork**" को अवधारणामा आधारित स्वच्छ, स्वस्थ्य र सुरक्षित खाद्यवस्तुको नमूना पसलहरुको स्थापना गर्ने पहल गर्नुको साथै पूर्व स्थापित पसलहरुको नियमन तथा व्यवस्थापन कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

३०. रोजगार प्रवर्द्धन गर्न पूर्व-पश्चिम राजमार्गदेखि जिल्लाको सदरमुकामसम्म जोडने सडक, प्रत्येक जिल्लाको कोरिडोरलाई कृषि उपज प्रशोधन उद्योग स्थापना गर्न निजी, सहकारी र प्रदेश सरकारको सहकार्यमा विशेष कार्यक्रम ल्याइनेछ।

३१. साना कृषक उत्थान तथा प्राकृतिक प्रकोप (रोग,माहामारी) सृजित आपत विपदका कारण कृषकले बेहोर्नु परेको क्षतिको प्रभाव न्यूनीकरण राहत तथा पुनःस्थापना कार्यक्रमको लागि "कृषि विकास कोष" स्थापना गरिनेछ।

३२. "पशु स्वास्थ्य घुम्ती कोष" लाई पुर्नस्थापना गरी ग्रामिण क्षेत्रमा सेवा पुर्यातउन पशु स्वास्थ्य कार्यकर्ता तथा जे.टि.ए.को सेवा उपलब्ध गराउने र विना ब्याज ऋण उपलब्ध गराई रोजगारी प्रवर्द्धन गरिनेछ।

३३. कृषि यान्त्रिकीकरणलाई प्रबर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यलाई व्यवस्थित गर्न १३६ वटै पालिकामा कृषि आधुनिक उपकरण केन्द्रको स्थापना गरिने छ यसबाट कृषकहरुले न्युनतम भाडा तिरेर कृषि उपकरणहरु प्रयोग गर्न सक्ने छन्।

३४. कृषिको आधुनिकीकरणका लागि मोबाइल एपसबाट जानकारी प्राप्त गर्न सकिने "**Hello tractor**" सेवाहरुमा छुटको व्यवस्था हुनेछ।

३५. सहकारीतामा आधारित कृषि उपज व्यवस्थापन तथा सहकारी सुपथ मूल्य पसल (कोप शप) प्रवर्द्धनका लागि विशेष प्याकेजको व्यवस्था गरिनेछ तथा एकीकृत व्यवसाय सञ्चालनको लागि पहल गरिनेछ।

३६. स्वरोजगारका अवसर सृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउन एवम् वैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाहरुको ज्ञान, सीप, क्षमता र पुँजीलाई प्रभावकारी रुपमा उपयोग गर्न आवश्यक व्यवस्था गरिनेछ।

३७. कोभिड १९ को कारणले रोजगार गुमाएका युवाहरुका लागि "युवा स्वरोजगार तथा उद्यम विकास" कार्यक्रम सञ्चालन गरिनेछ।

३८. रोजगारी सिर्जना गर्न स्थानीय तहसँगको सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिनेछ।

३९. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ।

**माननीय सदस्यहरु,**

४०. कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न ल्याईने तात्कालीक प्रकृतिका उपरोक्त कार्यक्रम र रणनीतिले मानव जीवनको रक्षा र जनजीविकालाई पुनर्जीवित गर्दै प्रदेशको अर्थतन्त्रलाई पुनःसुदृढीकरण गर्न सहयोग मिल्नेविश्वास लिएकोछु। उपरोक्त विशेष रणनीति र कार्यक्रमका अतिरिक्त प्रदेश सरकारलेक्षेत्रगत रुपमा विभिन्न विकास नीति र कार्यक्रमहरु संचालन गर्नेछ।

४१. प्रदेशमा समाजिक रुपान्तरणका लागि सुरुवात गरिएको बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी मुद्दति विमा योजना अन्तर्गत लगभग २५ हजार छोरीहरुको खाता खोलीएको छ। हालको व्यवस्था अनुसार बीस बर्ष पश्चात्त ती छोरीहरु न्युनतम ३ लाख नगद प्राप्त गर्ने छन्। समाजिक रुपान्तरणको यस अभियानलाई अझ परिष्कृत र सशक्त ढंगले अगाडी बढाइने छ। यस अभियान अन्तर्गत छोरी शिक्षा, छात्रवृत्ति, छोरी लोकसेवा तयारी कक्षा, आर्दश विवाह, साइकल वितरण र छोरीहरुको राज्य संरचनामा पचास प्रतिशत सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिने छ।

४२. मुख्यमन्त्री दलित गरीब आवास योजना अन्तर्गत आठवटै जिल्लामा दलित गरीबहरुको लागि निशुल्ल्क आवास निर्माण कार्यको प्रारम्भ भैइसकेकोछ। नमूना दलित गरीव आवाश योजना लाई निरन्तरता दिइने छ।

४३. आगामी आर्थिक वर्षमा चालु खर्चमा मितव्ययीता अपनाई अर्थतन्त्रमा सरकारी क्षेत्रको अतिरिक्त निजी र सहकारी क्षेत्रको साधन श्रोतको उपयोग गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउन उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धिमा जोड दिईनेछ।

४४. प्रदेशको समृद्धिका लागि आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माण गर्न आवश्यक पर्ने आर्थिक स्रोत जुटाउन नेपालको संविधानले निर्दिष्ट गरेको शुल्क, करको संकलन, आन्तरिक राजश्वको सुदृढीकरण र संकलित स्रोतको प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४५. संवैधानिक व्यवस्था अनुरुप प्रदेशमा विकास सहायताको प्राप्ति र परिचालन गर्न वैदेशिक सहायता परिचालन सम्बन्धी कानुन निर्माण गर्न तथा प्रदेश तहका विकास सहायतामा सन्चालित परियोजना प्रदेशलाई हस्तान्तरण गर्न सङ्घीय सरकारसँग सहकार्य गरिनेछ।

४६. प्रदेशको आर्थिक वृद्धि, राजश्व वृद्धि एवम् पुँजी निर्माण र परिचालनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनुका साथै अर्थतन्त्रको एउटा खम्बाको रुपमा रहेको सहकारी प्रणालीलाई समेत प्रोत्साहन गरिनेछ।

४७. नेपालको संविधानमा उल्लेखित प्रदेशको एकल तथा साझा अधिकार अन्तर्गत वित्तीय तथा विमा संस्था व्यवसाय र व्यवस्थापनका लागि आवश्यक प्रदेश कानुनको तर्जुमा गरिनेछ।

४८. प्रदेश अन्तर्गत उद्योग स्थापना गर्ने इच्छुक लगानीकर्ताहरुलाई प्रदेश सरकारले निर्धारण गरे अनुसारको विशेष सुविधा प्रदान गरिने छ। विद्यमान औद्योगिक कोरिडोरको अतिरिक्त सम्भाव्य कोरिडोरको पहिचान गरी व्यवस्थापन गरिनेछ।

४९. आगामी आर्थिक वर्ष भित्र विस्तृत परियोजना प्रतिवेदन सहितको प्रदेश आयोजना बैंकको निर्माण गरी प्रादेशिक गौरवका आयोजनाहरुको पहिचान गरिनेछ। प्रादेशिक गौरवका आयोजनाको विकासको लागि निजी, सार्वजनिक र सहकारी क्षेत्रको अवधारणा अनुरुप लगानी सम्मेलन आयोजनाको लागि आवश्यक स्रोत तथा पूँजीको व्यवस्थापन मिलाइ आयोजनाहरुको कार्यान्वियन गरिनेछ।

५०. प्रदेशका जनताहरुको वित्तीय पहुँच अभिवृद्धि गरी पूँजी निर्माणमा सहयोग पुर्याउन "प्रदेश विकास बैंक" स्थापनाकालागि आवश्यक प्रक्रिया पुरा गरी संचालन गरिनेछ।

५१. निजी, सहकारी तथा सार्वजनिक साझेदारी लगानीमा उद्योग व्यवसाय संचालन गर्ने वातावरण बनाउनकोलागि प्रदेश लगानी प्रवर्द्धन वोर्डको स्थापना गरिनेछ। प्रदेश सभामा विचाराधिन प्रदेश औद्योगिक व्यवसाय विधेयक शीघ्र पारित गराइ सोको नियमावली पनि तयार गरी कार्यान्वियन गरिनेछ। यसले प्रदेशमा औद्योगिकरणकालागि वातावरण निर्माणकालागि थप मदत पुग्नेछ।

**माननीय सदस्यहरु,**

५२. "पूर्ण सुरक्षित मातृत्व प्रदेश" बनाउने गरी परिवार नियोजन र सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिनेछ। साथै प्रदेशमा विशिष्टीकृत मातृशिशु अस्पतालको स्थापना तथा संचालन गरिनेछ।

५३. प्रादेशिक अस्पताल जनकपुरधामलाई ५०० शैय्या सहितको अत्याधुनिक विशिष्टीकृत अस्पतालमा स्तरोन्नति गरी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिने छ। साथै स्वास्थ्यमा सबैको पहुँच सुनिश्चितताका लागि प्रत्येक जिल्लामा प्रदेश मातहत रहेका जिल्ला अस्पतालहरुलाई अत्याधुनिक सेवा सहितको विशिष्टीकृत अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ। पथलैया स्वास्थ्य तालिम केन्द्रलाई ट्रमा अस्पताल वनाइने छ।

५४. क्यान्सर रोगको उपचारका लागि प्रदेश भित्र प्रादेशिक क्यान्सर अस्पतालको स्थापना गरिने छभने प्रादेशिक क्यान्सर अस्पतालमा ६० वर्ष उमेर काटि सकेका क्यान्सर रोगका बिरामीहरुलाई स्वास्थ्य उपचारमा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले व्योहोर्नेछ। त्यस्तै मुटु तथा मृगौला रोगका बिरामीहरुको उपचारका लागि विशेष व्यवस्था गरिनेछ। नारायणी उपक्षेत्रीय अस्पताल, बिरगंजमा मुटु रोग उपचारका लागि क्याथ ल्याव संचालनका लागि आवश्यक सहयोग गरिने छ।

५५. आयुर्बेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक तथा अन्य परम्परागत उपचार पद्धतिको अध्ययन अनुसन्धान तथा विकास गरिनेछ। यसका लागि प्रादेशिक आयुर्बेद तथा बैकल्पिक चिकित्सा अनुसन्धान केन्द्र स्थापना गरिनेछ। आयुर्बेद अस्पतालको सेवालाई प्रभावकारी र गुणस्तरीय बनाइनेछ।

५६. नसर्ने रोगहरुको बढ्दो प्रकोपको रोकथाम तथा जनमानसलाई सचेत पार्नकोलागि हरेक स्थानीयतहसँगको समन्वयमा स्वास्थ्य तथा आरोग्य केन्द्र (**health and wellbeing center**) संचालन गर्न चालु आर्थिक बर्षमा सम्भाव्यता अध्ययन गरिनेछ।

*(बाकी पृष्ठ ६ मा)*

# प्रदेश २ सरकारको नीति...

५७. कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिँदै सन्तुलित, पोषण र विविधतायुक्त खानाको लागि सचेतनामुलक कार्यक्रम तथा प्रर्दशनीहरु संचालन गरी पौष्टिक खानेकुरा खानेबानीको विकास गरी प्रदेशलाई कुपोषण मुक्त प्रदेश बनाउने अभियानको शुरुवात गरिनेछ।

५८. संघीय सरकारसँग समन्वय र सहकार्य गरी प्रदेशभित्रका सबै जिल्लाहरुमा स्वास्थ्य बिमा कार्यक्रम विस्तार गरी प्रभावकारी रुपमा लागू गरिने छ। स्वास्थ्य बिमामा जनताको पहुँच पुऱ्याउन तथा प्रदेशका सबै नागरिकको न्युनतम स्वास्थ्य बीमा गर्नका लागि सम्मानित सदनमा प्रदेश स्वास्थ्य बीमा विधेयक आगामी आर्थिक वर्षको प्रथम चौमासिकमै पेस गरिने छ।

५९. अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड समेतका आधारमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गरि गुणस्तरीय सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ।

६०. बालबालिकाहरुलाई शिक्षाको मूलप्रवाहमा ल्याउनका लागि विशेष शिक्षा अभियान कार्यत्रम सञ्चालन गरिने छ। साथै प्रदेश प्रमुख नैतिक शिक्षा कार्यत्रमलाई निरन्तरता दिइनेछ।

६१. माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुको रुची, सीप र अन्तरनिहीत प्रतिभा पहिचान गरी सो अनुरुप रोजगार मूलक सीप एवं क्षमता अभिवृद्धिका कार्यत्रमहरु सञ्चालन गरिनेछ।

६२. सामुदायिक, संस्थागत, सहकारी तथा धार्मिक प्रकृतिका विद्यालयहरुमा समेत सरकारबाट स्वीकृत मूल पाठ्यक्रम पठनपाठन हुने व्यवस्था मिलाइ शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्ने नीति अवलम्वन गरिने छ। साथै शैक्षिक संस्थाहरुमा आवश्यकता अनुसार ऐच्छिक विषयको पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ।

६३. प्रदेश सरकारको शैक्षिक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। साथै गुणस्तरीय शिक्षाको प्रबर्द्धनका लागि प्रदेशमा नमुना आवासीय बालमैत्री विद्यालय स्थापना गरी संचालनमा ल्याईनेछ।

६४. प्रदेश भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरुमा आधुनिक प्रविधिमा आधारीत बालमैत्री विधिबाट अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइनेछ।

६५. प्रदेश भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरुको शैक्षिक तथ्याङ्क र सूचकाङ्क अद्यावधिक गरी अनुगमन मुल्यांकन प्रणाली मार्फत समग्र शैक्षिक व्यवस्थापनमा सुधार ल्याइनेछ।

६६. परम्परागत तथा आधुनिक खेललाई प्रोत्साहन गर्ने गरि खेलकुद विकास कार्यत्रम संचालन गरिनुको साथै खेलकुदको विकासकालागि "प्रादेशिक खेलकुद विकास प्राधिकरण गठन" गरी कार्य अगाडि बढाईनेछ। रौतहट राइस मीलको जग्गालाई आवश्यक प्रकृया पुरा गरी प्रदेश सरकारको स्वामित्वमा ल्याइ प्रदेशस्तरको जनचाहना बमोजिमको उपयुक्त संरचना निर्माण गरिने छ। यसको लागि स्थानीय तहसंग सहकार्य र समन्वय गरी यसै बर्ष कार्य प्रारम्भ गरिने छ। साथै एक जिल्ला एक विशेष खेल अभियान सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिने छ। हाल सर्लाहीको मलगंवामा रहेको रंगशालालाई स्तरोन्नति गरिने छ।

६७. शिक्षालाई व्यवहारमुखी र प्रविधिमुखी बनाउन प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एक प्राविधिक विद्यालयको स्थापना तथा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै प्रदेशका मुख्य शहरहरुलाई शैक्षिक क्षेत्रको रुपमा क्रमशः विकास गर्न पहिलो चरणमा जनकपुरधामलाई शैक्षिक क्षेत्रको रुपमा विकास गर्ने नीति लिइएको छ।

**माननीय सदस्यहरु,**

६८. समयानुकुल स्तरीय जनशक्ति आपूर्तिलाई दृष्टिगत गर्दै बीरगंजमा प्रविधि विश्वविद्यालय स्थापना गरिनेछ। साथै सप्तरी जिल्लामा कृषि कलेज स्थापना गरी त्रमश कृषि विश्वविद्यालय स्थापना गरिनेछ।

६९. प्रदेश भित्रका युवा शक्तिहरुको क्षमता र योग्यताको कदर स्वरुप प्रदेश युवा परिचालन नीति तथा कानुनको निर्माण गरिनेछ।

७०. विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि व्यवसाय, तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउन स्थानीयतहसंग समन्वय र सहकार्य गरिनेछ।

७१. प्रदेश भित्रका विभिन्न स्थानमा जेष्ठ नागरिक पार्क निर्माण गर्नुको साथै स्वास्थ्य परीक्षणको लागि विशेष सहयोगको कार्यत्रम ल्याईनेछ। यस्तै हरेक किसिमका अपाङ्गता भएका नागरिकहरुकोलागि प्रदेशले विशेष संरक्षणको कार्यत्रम संचालन गर्नेछ।

७२. विभिन्न जातीय तथा सामुदायिक पहिचानलाई संरक्षण गर्न "प्रदेश भाषा, कला तथा संस्कृति प्रतिष्ठान" स्थापना गरिनेछ भने प्रदेश भित्रका मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि प्रादेशिक संग्राहलय स्थापना गरिनेछ। साथै प्रदेशको सामाजिक-सांस्कृतिक विविधतालाई सम्पदाको रुपमा आत्मसात गर्दै यी विविधताहरुको पहिचान, संरक्षण र उत्थान मार्फत बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक सामाजको निर्माण गरी सामाजिक तथा राष्ट्रिय एकतालाई मजबुत पारिनेछ।

७३. अनाथ बालबालिकाहरुलाई लक्षित गरी विशेष संरक्षण एवं सशक्तिकरणको कार्यत्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ। साथै बालबालिकाको बृहत्तर विकासका लागि शिशु सदन तथा बाल उद्यान निर्माणका कार्यलाई निरन्तरता दिईनेछ।

७४. महिला सशक्तिकरणकालागि "प्रादेशिक महिला आयोग" गठन गरिनेछ।

७५. मधेश आन्दोलनका शहिद परिवारको सम्मान तथा संरक्षणको लागि स्वरोजगार, रोजगार, स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

७६. दलित, जनजाती, आदिवासी, मुश्लिम एवं पिछडिएका वर्गको सशक्तिकरणका लागि विशेष कार्यत्रम संचालन गरिनेछ। साथै दलित तथा विपन्न वर्गहरुको सामाजिक तथा आर्थिक रुपान्तरणकोलागि प्रदेशका आठ वटै जिल्लाहरुमा "प्रदेश प्रमुख रोजगार कार्यत्रम" संचालन गरिनेछ। साथै प्रदेश प्रमुख नैतिक शिक्षा कार्यत्रमलाई निरन्तरता दिइने छ।

७७. प्रदेश दलित शसक्तिकरण ऐनको कार्यवन्यनमा जोड दिइनेछ। यसकालागि दलित विकास समिति र उच्चस्तरीय जातीय छुवाछुत अनुगमन समिति समेत गठन गरिनेछ। दलित छात्रवृत्ति र दलित रासन कार्ड योजना कार्यवन्यनमा ल्याइने र यसका लागि प्रदेशका डोम, हलखोर, मेस्तर र मुसहर जातिका परिवारलाई जिविकोपार्जनका लागि प्रति महिना रु ५००० हजारको दरले उपलब्ध गराइने छ।

७८. सर्पदंशको उपचारका लागि जिल्लामा अवस्थित प्रदेश मातहतका अस्पतालको सहकार्यमा सर्पदंश उपचार केन्द्रको स्थापना तथा संचालन गरिनेछ।

७९. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र प्रदेश भित्र नर्स जनशक्ति उत्पादनको लागि प्रादेशिक अस्पताल भित्र संचालित नर्सिङ कलेजको स्तर उन्नति गरी स्नातक तहको नर्सिङ्ग कक्षा संचालन गरिनेछ। प्रदेस भित्र उपलब्ध जनशक्तिलाइ आकस्मिक कक्ष र आइसियू (ICU) संचालन समबन्धि तालीम दिइनेछ।

८०. सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानी, शौचालय, तथा सरसफाईको उचित व्यवस्थाको लागि विशेष कार्यत्रम ल्याईनेछ।

**माननीय सदस्यहरु,**

८१. साझेदारी वन, सामुदायीक वन, राष्ट्रिय वन, निजि वन र कृषि वन लगायतका वनहरुको दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास कार्यत्रम मार्फत वन क्षेत्रबाट उल्लेख्य रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरिने छ।

८२. "संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन" भन्ने मार्गदर्शनलाई मूर्त रुप दिन वन क्षेत्रकालागि प्रदेश स्तरीय गुरुयोजना तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ।

८३. "जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख" को नारालाई चरितार्थ गराउन स्थानीय तह समेतको सहकार्यमा सडकका दुवै किनारमा बिरुवा रोप्ने नीति लिइनेछ।

८४. प्रदेशलाई हरित प्रदेश बनाउन गुणस्तरीय बहुवर्षिय बिरुवाहरु उत्पादन गर्न प्रत्येक जिल्लामा कम्तिमा एक हाइटेक नर्सरी स्थापना गरिनेछ। निजी क्षेत्रलाई निजी नर्सरी स्थापना गरी गुणस्तरीय बिरुवाहरु उत्पादन र वृक्षारोपणका लागि प्रोत्साहित बनाइने नीति लिइनेछ।

८५. पर्सा राष्ट्रिय निकुञ्जलाई पर्यटनको गन्तव्य बनाउँदै गुणस्तरीय पर्यटकको संख्यामा वृद्धि गर्न सहयोग गरिनेछ। यस्तै जैवीक विविधताको संरक्षण तथा सम्वर्द्धनकोलागि धनुषाधाममा एउटा चिडियाघरको निर्माण गर्ने नीति लिइएकोछ।

८६. प्रदेशकै गौरवको रुपमा रहेको सागरनाथ वन विकास परियोजना लगायतका उत्पादन मूलक वन क्षेत्रहरुलाई सघन व्यवस्थापन अन्तर्गत ल्याई दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको कार्य गरिनेछ। स्थानीय तह र वनसँग सम्बन्धित सरोकारवालाहरुको सहकार्यमा वन विकासलाई जोड दिइने नीति लिइनेछ।

८७. प्रदेश अन्तर्गत रहेको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वन क्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय हिसाबले हट स्पट घोषणा गरी व्यवस्थापन गर्न विशेष कार्यत्रम ल्याइनेछ।

८८. वनमा आधारित कार्बन व्यापारका लागि अन्तराष्ट्रिय संयन्त्र मार्फत भुक्तानीका लागि संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। काष्टजन्य वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई विदेशवाट हुने आयातलाई प्रतिस्थापन गर्न योगदान पुँयाइनेछ।

८९. प्रदेशमा निजी वनको विकास, संरक्षण तथा व्यवस्थापन गर्न एकीकृत कृषि वन प्रणली (Agro Forestry System) बमोजिम निजी जग्गामा कृषि वन कार्यत्रम प्रभावकारी रुपमा लागु गर्न आवश्यक ऐन नियम तर्जुमा गरिनेछ।

९०. प्रदेश सरकारको "चुरे जोगाउ, मधेश बचाउ" अधियानलाई स्थानीयतहसँगको सहकार्यमा प्रभावकारी रुपमा संचालन गरिनेछ।

९१. चुरे जलाधारको उपल्लो तट, मध्य तट र प्रभावित तल्लो तटबीचको अन्योन्याश्रित सम्बन्ध कायम गर्ने नदी प्रणालीमा आधारित योजना तर्जुमा देखि कार्यान्वियनसम्म संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय गर्ने रणनीति लिइनेछ।

९२. ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदी जन्य पदार्थको प्रयोगलाई वातावरण र उपभोग वीच सन्तुलन हुने गरी व्यवस्थापन गरिने छ। चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भरण गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भूमिगत जलस्तरलाई उठाउने कार्य गरिनेछ।

९३. गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रलाई आधुनिकीकरण गरी पुनः सञ्चालन गर्न योजना तर्जुमा गरिनेछ।

९४. इन्धनको आयातलाई प्रतिस्थापन गर्न र वातावरणीय अनुकुलता बढाउन इन्डक्शन चुल्हो निर्माण गर्ने उद्यमलाई प्रोत्साहन गरिनेछ।

९५. उद्योग सम्बन्धि प्रदेश स्तरीय नीति तथा कानुन तर्जुमा गरी सो सम्बन्धी कानूनी तथा संस्थागत व्यवस्थालाई सुदृढ बनाईनेछ। सबै प्रकारका उद्योगहरुको अभिलेखलाई सूचना प्रविधिमा आधारित बनाई संघ, प्रदेश र स्थानीय तहमा आबद्ध गरिनेछ।

९६. प्रदेश भित्र पर्यटकीय गन्तव्यहरुको पहिचान र विकास गरी प्रत्येक जिल्लामा पर्यटकको पहूँच पुऱ्याउन पर्यटक प्याकेज निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।

९७. पर्यटन पूर्वाधारको संस्थागत सुदृढिकरणको लागि पर्यटन सम्बन्धी प्रदेश स्तरीय कानुनी र संस्थागत संरचना निर्माण गरिनेछ। पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका रहेको होटल व्यवसायको प्रवर्द्धनकालागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ। प्रदेश स्थित खोला, नदी, ताल, तलैयाहरुको सम्भाव्यता अध्ययन गरी जलाशययुक्त मनोरञ्जन स्थल बनाइने छ।

९८. प्रदेशका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत प्रदेश अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण मैत्री पर्यटन उद्योगको विकास गर्ने र पर्यटन सांस्कृतिको विकास गर्न आवश्यक नीति लिइनेछ।

९९. बारा जिल्लाको निजगढमा निर्मानाधीन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिकतालाई ध्यानमा राख्दै कोशी टप्पु, पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पूर्व पश्चिम राजमार्गसँगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बायाँ मनोरञ्जननात्मक सांस्कृतिक बगैंचाबारे सम्भाव्यता अध्ययन गरिनेछ।

१००. दुधमती महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीय करिडोरको रुपमा विकास गरिनेछ। साथै रामायण सर्किटको विकासलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

१०१. वाणिज्य क्षेत्रसँग सम्बन्धित आवश्यक प्रदेश नीति तथा कानुनको तर्जुमा गरी लागू गरिनेछ।

१०२. वाणिज्य र व्यापार पूर्वधारको विकासका लागि आवश्यक भौतिक संरचना निर्माण लगायतका कार्य गर्न सम्भाव्यता अध्ययन गरिनेछ। प्रदेश मातहत नियमन गरिने व्यापारिक फार्मका अभिलेखहरुलाई सूचना प्रविधिमा आधारित बनाइनेछ।

१०३. प्रदेश, संघ र स्थानीय तहको समन्वयमा बजार अनुगमन गरिनेछ। उपभोक्ताहीत विपरितका त्रियाकलापलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ।

१०४. सरकारले स्वच्छ र सफा प्रदेश अभियान लागु गर्नेछ। स्थानीय तहसँग सहकार्य गरी जिल्लाका सदरमुकामहरुलाई हरित तथा स्वच्छ सफा शहरमा रुपान्तरण कार्यत्रम सञ्चालन निर्माण गरिनेछ।

१०५. भूसंरक्षण कार्यलाई स्थानीय सीप र प्रविधिको प्रयोग गरी प्रभावकारी रुपमा संचालन गरिनेछ साथै नदी किनारमा वृक्षारोपणको कार्यत्रम संचालन गरी रोजगारीको सिर्जनाका साथै नदी तटीय वातावरण स्वच्छ तथा सुन्दर बनाईनेछ। फोहोरमैलाको व्यवस्थापनका लागि उचित प्रवन्ध मिलाईनेछ।

१०६. संघीय सरकारसँग सहकार्य गरी वायु प्रदूषण मापन केन्द्र स्थापनामा जोड दिइनेछ। प्रदेशमा सञ्चालित उद्योगहरुबाट निस्किने प्रदूषण तथा फोहोरमैला बिसर्जनका लागि वातावरणीय मापदण्डको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

**माननीय सदस्यहरु,**

१०७. प्रदेशलाई कृषि प्रधान प्रदेशको रुपमा विकास गर्ने अवधारणा अन्तर्गत "खेतखेतमे पानी, हाथहाथ मे काम" को अभियानलाई थप प्रभावकारी ढंगले संचालन गरिनेछ। यसकोलागि भूमिगत जलको प्रयोग गरी डिपट्युवेल जडानको कार्यलाई अझ सघनताका साथ अगाडी बढाई प्रत्येक वडा सम्म पुर्याइने छ। साथै बाँध, पइनी, नहर, हेड बक्स र नदीखोलाको व्यवस्थापन गरी खेत खेतमा सिँचाईको व्यवस्थापन गरिनेछ। सिंचाइको निमित्त सोलार र विद्युतीय ट्युवेललाई थप प्रोत्साहित गरिनेछ।

१०८. अविरल वर्षाको कारणले हुन सक्ने नदी कटानको कारणबाट बाढीको उच्च जोखिममा रहेका गाउँ बस्ती संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। बर्षेनी बागमती, लालवकैया, कमला, रातो, विघही, जंघाह, मराह, खुटी, जलाइद, लखनदेही, बताह, मैनावती, घुर्मी भिम्म, खाँडो, महुली, पसाह, दुधौरा, भँैडहा, भलुवाही-मदुवाहा खोलाबाट प्रभावित पालिकाहरुमा तटबन्ध निर्माणका लागि आवश्यकता अनुसार काम र विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने छ। यसका लागि संघीय र स्थानीय पालिकाहरुसँग समन्वय सहकार्य गरी कार्य अगाडि बढाइने छ।

१०९. नयाँ प्रविधिमा आधारित सिँचाई प्रणालीको विकास गर्न फोहोरा सिंचाइ, पोखरी सिँचाई र थोपा सिँचाई जस्ता कार्यलाई संचालनमा ल्याईनेछ।

११०. सतह सिँचाईको सुविधा उपलब्ध गराउन नसकिने क्षेत्रहरुमा भूमिगत जलको उपलब्धता तथा भौतिक अवस्थाको आधारमा प्रदेशका आठ वटै जिल्लामा कम्तिमा १/१ वटा डिप टयुववेल क्लष्टर तथा १/१ वटा विद्युतीकरण सहितको पावर ड्रिलटयुववेल क्लष्टर र स्यालो ट्युबवेल क्लष्टर बनाई टयुववेल सिँचाई प्रणाली जडान गरी सिँचाई सुविधा पुर्याइनेछ।

१११. सतही तथा भूमिगत सिँचाई प्रणालीहरुको सुदृढीकरण तथा आधुनिकीकरण गरी विद्यमान सिँचाई प्रणालीहरुको क्षमता अभिवृद्धि गरिनेछ। स्थानीय स्तरमा रहेका साना सिँचाई पूर्वधारहरु (हाल बन्द तथा सञ्चालनमा रहेको नहर एवं बाँधहरु) लाई समुदायबाटै व्यवस्थापन हुने गरी संचालनमा ल्याइने छ। जिल्लामा रहेका पानी सरबि तथा नदीनालाहरु (perennial/seasonal water sources) मा बाधँ र पुलमुनि सुलिस गेट बनाई कुलो पईनी मार्फत सिँचाईको प्रबन्ध गरिनेछ। वर्षाको पानी संकलन र उपयोग गर्ने गरि कार्यत्रम तर्जुमा गरिनेछ

११२. प्रदेशका आठवटै जिल्लाहरुमा घरघरमा स्वच्छ खानेपानी सुविधा पुर्याइनेछ।

११३. "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२" कार्यान्वियन गरी प्रत्येक जिल्लाका सदरमुकाममा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने कार्य अगाडी बढाईनेछ।

११४. वातावरणीय सरसफाइ एवं स्वच्छता प्रवर्द्धन गर्न वातावरणीय सरसफाइ कार्यत्रमलाई निरन्तरता दिईनेछ। यसका लागि आठै जिल्लाका सदरमुकाम तथा मुख्य हाटबजारमा आवश्यकता पहिचान गरी सार्वजनिक शौचालयको निर्माण एवं व्यवस्थापन गर्दै खुला दिसामुक्त प्रदेशको अवस्थालाई सुदृढ एवं दिगो बनाउँदै लगिनेछ।

११५. नदी तथा खोलाहरुमा चुरे क्षेत्रबाट आएको बालुवालाई नियन्त्रण गर्न एकीकृत जलाधार व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिईनेछ।

११६. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई प्रवर्द्धन गरि आगामी वर्ष निजी साझेदारी योजना अन्तर्गत प्रदेशकोआठवटै जिल्लामा सौर्य उर्जा प्लान्ट निर्माणको कार्यलाई अगाडि बढाइनेछ।

११७. सौर्य उर्जा सम्बन्धी पावर प्लान्ट स्थापनामा साना, मझौला तथा मध्यमखालका विद्युतीकरणलाई विशेष महत्व दिइने छ साथै विद्यमान ग्रीड तथा प्रसारण लाईनको सुधार गरी वितरण लाईनमा समेत सुधार गरिनेछ।

११८. गरिबीको रेखामुनि रहेको जनतालाई घर परिवारको संख्याको आधारमा परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिई न्यूनतम शुल्कमा इन्धन उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ। निम्न आय भएका परिवारलाई विशेष अनुदान दिई बायोग्यास, सोलार, विद्युतीय चुल्हा आदि प्रयोग गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

११९. विभिन्न जिल्लाहरुमा विस्तृत संभाव्यता अध्ययन गरी प्रदेश लोक मार्ग, प्रदेश सहायक मार्ग र स्थानीय सडकहरुको विस्तृत इन्भेन्टरी बनाइनेछ।

१२०. पर्सा जिल्लादेखि सप्तरी जिल्लासम्मको करिब २५० किलोमिटर सडकलाई "मधेशी शहिद राजमार्ग" को विस्तृत अध्ययन प्रतिवेदन तैयार गरिनेछ।

१२१. जहाँ सडक त्यहाँ विकासको अवधारणा लाई अवलम्बन गर्दै प्रदेश सभाका प्रत्येक निर्वाचन क्षेत्रमा न्युनतम ५ किलोमिटरको दरले कालोपत्रे सडक निर्माण कार्यलाई प्रारम्भ गरिनेछ।

१२२. प्रत्येक पालिकालाई सदरमुकामसँग जोडने प्रमुख सडकहरु कालोपत्रे गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ। एक पालिकालाई अर्को पालिकासँग र पालिकालाई जिल्ला सदरमुकामसँग जोडने सडकको स्तरोन्नति गरिनेछ।

१२३. प्रदेश भित्र प्रस्तावित वा संचालित रहेको राष्ट्रिय गौरवका योजनाहरु दोश्रो अन्तराष्ट्रिय विमानस्थल निजगढ, हुलाकी सडक, जनकपुरधाम-जयनगर रेल्वे, सुनकोशी-मरीन र कमला डाइभर्सन तथा राप्ती दुधौरालाई संघीय सरकारसँग समन्वय गरी निर्माण कार्यलाई अगाडि बढाउन जोड दिइनेछ।

१२४. धार्मिक तथा पर्यटकीय महत्वका सडकहरुको निर्माणलाई प्राथमिकता दिइनेछ।

१२५. प्रदेश सरकारले प्रादेशिक परिवहन सेवा संचालन गर्ने नीतिलाई निरन्तरता दिँदै पहिलो चरणमा हाल संचालनको प्रत्रियामा रहेको बिरगंज-जनकपुरधाम र जनकपुरधाम-राजविराज बस सेवा संचालन गरी त्रमश प्रदेश भरी विस्तार गरिनेछ।

१२६. आपतकालिन वाहन, यन्त्रहरुलाई उद्धारको लागि परिचालन गर्ने दृष्टिकोण राखी यस प्रदेशभित्र रहेका प्रत्येक सार्वजनिक सडकहरुमा प्रादेशिक सडक गुरुयोजना बनाई सोही अनुरुप सडक स्तरोन्नति गर्ने नीतिलाई कायम राख्दै सोही अनुसार आवास व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

१२७. प्रत्येक गाउँ शहरको बसोबासलाई व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ। सो अनुसार सार्वजनिक सडकको चौडाई तोकी ढल निकास, खानेपानी, शौचालयको व्यवस्था, प्रत्येक पालिकामा एउटा दलान एवं सार्वजनिक खुला ठाउँको व्यवस्था, आवासीय भूमिलाई सदुपयोग गर्न बहुतले घरहरुको निर्माण, कृषियोग्य भूमिलाई बचाउन गाउँ, शहरहरुको सीमा तोकी सोही क्षेत्रभित्र घरहरु निर्माण गर्ने, शिक्षा स्वास्थ्य, सडक, बजार आदिको व्यवस्थापन गर्ने, रोजगारीको लागि सो गाउँ शहर नजिक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अख्तियार गरिएकोछ।

१२८. प्रत्येक जिल्ला सदरमुकाममा संचालित दलित छात्रावास र जेष्ठ नागरिक आवास कार्यत्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ। यो योजनालाई त्रमशः महानगरपालिका, उप महानगरपालिका तथा नगरपालिका र गाउँपालिकामा समेत विस्तार गरिनेछ।

१२९. नमुनाको रुपमा प्रत्येक जिल्लामा १/१ वटा आदर्श बस्ती विकास कार्यत्रम संचालन गरि उक्त स्थानहरुमा एकीकृत पूर्वाधार विकास कार्यत्रम संचालन गरिनेछ।

१३०. सेटेलाईट सिटीको अवधारणालाई निरन्तरता दिइनेछ। चालु आर्थिक वर्षमा प्रस्तावित नौ सेटेलाइट सिटी पोखरीया, परसौनी, सिम्रनगढ, गौर, मलंगवा, जलेश्वर, गोलबजार, कल्याणपुर विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आगामी आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ गरिनेछ।

१३१. बाराको गढीमाई स्थानमा प्रादेशिक गौरवका धर्मशाला र विवाह मण्डप निर्माण कार्यलाई आगामी वर्ष पनि थप तिब्रता दिई निर्माण कार्य सम्पन्न गरिनेछ।

१३२. विभिन्न करिडोरहरु सखडा कंकालनी, सिराह सलहेस, धनुषाधाम जनकपुरधाम, विद्यापती डिह, मडई मांडव्यऋषि तथा परिक्रमा स्थल, रौजामजार, मटिहानी जलेश्वर, परिक्रमा सडक, सिम्रौनगढ माहागढीमाई करिडोरलाई धार्मिक करिडोरको रुपमा विकास गरिने कार्यलाई थप निरन्तरता दिइनेछ।

१३३. हाल प्रथम चरणमा जनता आवास कार्यत्रम अन्तर्गत संचालित डोम, मेस्तर, हलखोर र मुसहर जातिको घर निर्माण कार्यलाई निरन्तरता दिँदै त्रमशः अन्य दलित, लोपोन्मुख लगायतको लक्षित वर्गमा यो आवास कार्यत्रम पुर्याइनेछ।

१३४. प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैंगिक तथा अपाङ्ग मैत्री बनाइने नीतिलाई थप प्रभावकारी बनाउन विशेष जोड दिइनेछ।

१३५. प्रदेशको आठवटै जिल्ला सदरमुकाममा प्रदेश अतिथि गृह निर्माण गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ।

१३६. प्रदेश भित्रका सडकहरुको संरक्षण, सम्वर्द्धन, व्यवस्थापकीय कार्य, नीति तर्जुमा लगायतको कार्यलाई व्यवस्थित गर्न प्रादेशिक सडक बोर्ड गठन गर्ने कार्य प्रारम्भ गरिनेछ।

१३७. जनकपुरधाम रेल्वेसँग जोडिने गरी ड्राइपोर्ट निर्माणका लागि थप विस्तृत अध्ययन गरिनेछ।

१३८. जनकपुरधाममा आउटर रिङ्गरोडको सम्भाव्यता अध्ययन र निर्माण कार्यलाई निरन्तरता दिदै त्रमशः सबै जिल्लाको सदरमुकाममा लागु गरिनेछ।

१३९. स्मार्ट सवारी चालक पहिचान पत्र प्रदेशबाट नै वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।

१४०. सवारी यातायातलाई थप व्यवस्थित बनाउन यस प्रदेश भित्र कम्तिमा २ (दुई) स्थानमा आधुनिक सुविधा सहितको रिफ्रेस सेन्टर स्थापना गरिनेछ।

१४१. प्रदेशका स्थानीय निकायसँगको समन्वयमा प्रत्येक जिल्लामा कम्तिमा १/१ स्थानमा फोहोर मैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईटको विस्तृत अध्ययन कार्य गरिनेछ।

१४२. कृषि उत्पादन तथा बजारीकरणको निम्ति महत्वपूर्ण हुने स्थानहरुमा सडक निर्माण कार्यलाई उच्च प्राथिमकता दिइनेछ।

१४३. मधेशी जनताको हक, अधिकारका लागि आजीवन संघर्ष गर्नु भएका अथक योद्धा स्व.गजेन्द्र नारायण सिंह र गणतन्त्र स्थापनाको लागि जीवन पर्यन्त संघर्ष गर्नु भएका गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिंहको शालिक स्थापना कार्यलाई निरन्तरता दिइनेछ।

१४४. प्रदेशमा विद्युत आपुर्तिलाई नियमित तथा व्यवस्थित गर्न प्रदेश विद्युत बोर्ड गठन गरिनेछ।

१४५. संविधानले दिएको प्रदेशको अधिकार सुनिश्चित गराउनका लागि आवश्यक संवैधानिक तथा कानुनी उपायहरुको अबलम्बन गरिनेछ।

१४६. प्रदेशभित्र रहेका गरिब, विपन्न, असहाय नागरिकलाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यलाई अझ बढी प्रभावकारी रुपमा निरन्तरता दिइनेछ।

१४७. प्रदेशको १३६ वटै स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तथा न्याय निरुपण कार्यमा सहयोग गर्ने नीति लिइएको छ।

१४८. प्रदेश भित्रका अदालत तथा सरकारी वकील कार्यालयहरुको संस्थागत विकासबाट न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन ती कार्यालयहरुसँगको सहकार्य, समन्वय र सहयोगलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

१४९. प्रचलित प्रदेश कानुनको कार्यान्वियनको अवस्था, विद्यमान प्रदेश कानुनमा गर्नुपर्ने संशोधन वा नयाँ कानून बनाउनुपर्ने आवश्यकताका बारेमा अध्ययन गरी सम्बन्धित मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष सिफारिस गर्न "कानुन अध्ययन तथा सिफारिस समिति" गठन गरिनेछ।

१५०. प्रदेशको कारागारहरुमा रहेका केदीहरुको सामाजिक पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुर्याउनका लागि "प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड" गठन गर्न आवश्यक पहल गरिनेछ।

**माननीय सदस्यहरु,**

१५१. भुमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी राष्ट्रिय र अन्तर राष्ट्रिय नीतिसँग सामञ्जस्यता हुनेगरी प्रादेशिक नियम, ऐन कानून, कार्यनीति, निर्देशिका, कार्यविधि, मापदण्डको तर्जुमा तथा संस्थागत र सांगठनिक पुनर्संरचना गरिने छ। विशिष्टिकृत बोर्डहरु गठन गरिनेछ।

१५२. कृषक तथा कृषि मजदुर र श्रमिकको वर्गिकृत पहिचान र अभिलेखिकरण गर्ने कार्यको थालनी गरिनेछ। यसको लागि तथ्याङ्क व्यवस्थापन गर्न कृषि एप निर्माण **e-agriculture** को प्रयोगलाई किसानको हातमा पुँयाइनेछ।

१५३. व्यवसायिक कृषिलाई टेवा पुर्याउन बैंकको ऋण, मल, बिउ, सिमेन, कृत्रिम गर्भाधान, विद्युत, सिँचाई आदिमा अनुदान प्रदान गरिनेछ। साथै कृषि ऋण, सहुलियत दरमा मल, खाद, बीउको उपलब्धता सुनिश्चात गरिनेछ।

१५४. उत्पादित कृषि उपजलाई सहकारी तथा स्थानीय तहको समन्वय र सहकार्यमा संकलन, संचय, ढुवानी, खरिद बिक्री र वितरणको व्यवस्था मिलाईनेछ। संघीय सरकारको समन्वयमा समर्थन मुल्य तोकी कृषकको बचत, खाद्यान वा उपजलाई खरिद गर्ने व्यवस्था मिलाईनेछ। साथै कृषि सडको निर्माणमा जोड दिइनेछ।

१५५. प्रदेश सरकारबाट सन्चालन गरिने कार्यत्रममा मूलतः खाद्यान्न बालीमा धान, गहुँ र मकैको उत्पादन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

१५६. धान, गँहुर मकैको उत्पादकत्व र उत्पादन वृद्धि गर्न मल, बिउ, सिँचाई, बिमा, यान्त्रिकीकरणमा सहयोग र सहजीकरणमा जोड दिइनुका साथै संघीय सरकार, स्थानीय तह र सहकारी संस्थाको सहकार्यमा समर्थन मूल्य तोकी संचय गरी बजारीकरण गर्ने, राईस पोलिसिङ्ग, ब्रान्डिंग र प्याकेजिङ्ग गरी बित्री वितरणका लागि विशेष कार्यत्रम संचालन गरिनेछ।

१५७. दाना र साइलेजका लागि उत्पादन गरिने मकै खेतीलाई करार खेती, चक्लाबन्दी, सहकारी खेतीमा जोड दिइनेछ।

१५८. चैतमा धान उत्पादन गर्ने कृषकलाई सहयोग गर्न सामुदायिक खाद्यान्न भन्डारण निर्माण, ड्रायरकेन्द्रहरु स्थापना र संचालन गरिनेछ। प्रदेशका रैथाने बाली प्रबर्द्धन कार्यत्रम संचालन हुनेछ।

१५९. बालीहरुको उत्पादन लागत कम गर्न कृषिको यान्त्रिकीकरण कार्यत्रमलाई एकै थलोबाट सुविधा (कृषि यान्त्रिकीकरण, सामाग्री) र निजी क्षेत्रसँग सहकार्यमा कृषि सेवा प्रदायक संस्थाहरुको स्थापना गरी बाली व्यवस्थापनमा सहजिकरण र प्रतिस्पर्धि बनाईनेछ।

**माननीय सदस्यहरु,**

१६०. हुलाकि मार्ग लक्षित दुग्ध मिसन कार्यत्रम अन्तर्गत भैंसीपालनलाई व्यवसायीकरण गरिने, साना किसानलाई समेटिने गरि दुग्ध सहकारी गठन गर्ने, सहकारीहरुबाट संचालन गर्ने गरि दुग्ध संकलन केन्द्र, चिस्यान केन्द्र, सामुदायिक प्रजनन केन्द्र, घाँसेबाली, साईलेज एवं पशु स्वास्थ्यका एकीकृत कार्यत्रम संचालन हुनेछ।

१६१. पशुपालनबाट न्यूनतम "एक परिवार, एक दिनको एक हजार" आम्दनी हुने गरि कार्यत्रम संचालन गरिनेछ।

१६२. निजी, सहकारी साझेदारिमा एक पालिकामा कम्तीमा एक

*(बाकी पृष्ठ ७ मा)*

# प्रदेश २ सरकारको नीति...

व्यवसायिक कृषि तथा पशुपालन फार्महरुको विकास गरिने छ।

१६३. प्रदेशको विशिष्ट "मत्स्यपालन" कार्यक्रमलाई व्यवसायीकरण गर्ने, ह्याचरी सुधार गर्ने, पोखरी प्रवर्द्धन र बजार स्थल निर्माण एवं फ्रिजर ढुवानीमा विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ। प्रदेशलाई माछा जोनको रुपमा विकास गर्न तथा किसानहरुको आर्थिक सशक्तिकरणका लागि माछा पालनका लागि पोखरी खन्नका बिशेष अनुदान दिइनेछ।

१६४. "बारा माछा व्यवसाय" लाई ब्राण्डिग गरी फ्रोजनर लाईभ माछा बिक्री वितरणमा जोड दिईनेछ।

१६५. प्रदेशको अनुकूलता बमोजिम व्यवसायिक महत्वका उखु, तरकारी, च्याउ, मसला र पुष्प खेतीका लागि विशेष कार्यक्रम संचालनमा जोड दिइनेछ।

१६६. तरकारी र फलफूल बजारस्थल निर्माण, संचयको लागि वेयर हाउस, कोल्डस्टोरेज, ढुवानीको लागि वाहनमा कृषक र उद्यमीलाई सहयोग प्रदान गरिनेछ।

१६७. तरकारी, मसला, बाली, माछा, मासु, खाद्यान्न, जडिबुटी, दाना आदिमा विषादी अवशेष, एण्टिवायोटिक अवशेष लगायत जाँच गर्न र असल कृषि अभ्यास प्रमाणिकरणको लागि प्रदेश सरकारले एकीकृत प्रयोगशाला स्थापना गर्नेछ।

१६८. संविधानले प्रत्याभूत गरेको खाद्य सम्प्रभुताको सुनिश्चितता गरिनेछ। साथै प्राकृतिक आपदविपदको बेलामा खाद्यान्न उपलब्धता तथा सार्वजनिक वितरण प्रणाली (Public distribution system) लाई व्यवस्थित गर्न आवश्यक संस्थागत तथा संगठनात्मक व्यवस्थापन तथा सहजीकरण गरिनेछ।

१६९. प्रदेश भित्र कृषि प्रसार सेवाको सुदृढिकरण गर्न स्थानीय तहहरुलाई सबलीकरण गर्ने कार्य गरिनेछ। स्थानीय तहका कृषि प्रसार कार्यकर्ताहरुलाई कृषक पाठशाला सहजिकरण तथा समसामयिक प्राविधिक विषयवस्तुसँग सम्बन्धित दक्षता अभिवृद्धि गर्न सहकार्य गरिनेछ। "कृषिकर्म" रेडियो कार्यक्रम मार्फत कृषि उत्पादनसँग सम्बन्धित ज्ञान तथा सेवा प्रदान गरिनेछ।

१७०. सरोकारवालाहरुको समन्वयमा प्रदेशमा राष्ट्रिय कृषि यान्त्रिकीकरण मेला तथा अन्य कृषि महोत्सव, खाद्य मेला र विशेष विषय दिवस (विश्व खाद्य दिवस, ओरहा दिवस, दुग्ध दिवस, सहकारी दिवस, आदि) कार्यक्रम आयोजना गर्न पहल गरिनेछ।

१७१. ह्रासोन्मुख रहेको माटोको उर्वराशक्ति व्यवस्थापन गर्न माटो स्वास्थ्य प्रवर्द्धन (Soil Health Promotion program) कार्यक्रम संचालन गरी रासायनिक, प्रांगारिक तथा जैविक मलको न्यायोचित प्रयोगको लागि आवश्यक क्षमता तथा पूर्वाधार प्रवर्द्धनका कार्यहरु गरिनेछ।

१७२. बाली र वस्तु परिवेशमा सन्तुलन कायम राख्न गएकि कृतशत्रु जीव व्यवस्थापन, भकारी व्यवस्थापन तथा बाली पोषण प्रणाली सुदृढिकरण, जलवायु मैत्री, कृषि जैविक विविधता, प्राकृतिक जलाशय संरक्षण कार्यक्रमहरु सचालनमा जोड दिईनेछ।

१७३. चूरे भावर लगायत समभाव्य क्षेत्रहरुमा संघ र स्थानीय तहसँग सहकार्य गरी भूमिगत जल सञ्चितिकरण अभिवृद्धि गर्ने उपयूक्त कार्यक्रमहरुको तर्जूमा गर्न पहल गरिनेछ।

१७४. प्रदेश भित्रका सरकारी फार्म तथा श्रोत केन्द्रहरुको लक्ष्य तथा सेवा विस्तार गर्न पूर्वाधार सुदृढीकरण, आधुनिकीरण गरिनेछ। यस्ता श्रोतकेन्द्रहरु क्रमशः थप गरिँदै लगिनेछ।

१७५. प्रदेशका सबै जिल्लामा मत्स्य बीज तथा पशुपन्छी आहारा र घाँसखेती लगायत आँप, लिची, कागती, केरा, मेवा लगायतका उष्ण प्रदेशीय फलफुल र पुष्पको गुणस्तरीय बेर्ना र कलमी बिरुवा तथा बिरुवाजन्य सामग्रीको सहज उपलब्धताको लागि सरकारी तथा निजी क्षेत्रका नर्सरीहरुलाई प्रवर्द्धन गरिनेछ।

१७६. पर्यावरणीय सुधार एवं हरित क्रान्तिमा टेवा दिन निजी तथा सार्वजनिक जग्गाहरुमा एक लाख फलफूलका बिरुवाहरु रोपिनेछ। आवश्यक्ता अनुसार फलफूलकाबिरुवा एवं खाद्यान्न, तरकारी, घाँसेवाली बीउ प्रवर्द्धनको लागि पालिका स्तर बीउबैंक र नर्सरी स्थापनामा जोड दिइनेछ।

१७७. कृषक स्तरमा छरिएर रहेका पुँजी, शीप तथा श्रोत साधन र साना परिमाणको उपजलाई व्यवसाय योग्य स्वरुपमा लैजान र लागत प्रभावी बनाउन लगानी मैत्री वातावरण श्रृजना गर्न पहल गरिनेछ।

१७८. ऐलानी र पर्ती वा बगर खेती प्रवर्द्धन गर्न छुट्टै कार्यविधि मार्फत विशेष सहयोगी कार्यक्रम संचालन गरिनेछ।

१७९. पशुपन्छी र मत्स्य व्यवसाय र बालीनालीमा रोग किरा माहामारीका कारण हुने क्षति न्यूनीकरणका लागि माहामारी तथा सरुवा रोग नियन्त्रण, भ्याक्सिनेशन तथा बाली संरक्षण कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

१८०. हानिकारक रोग, माहामारी र कीराहरुको प्रकोप फैलिन नदिई तत्काल स्थलगत रुपमा माहामारी नियन्त्रणका लागि मोबाईल भ्यान सहितको रैपिड रेस्पोन्सटिमको परिचालन गर्न स्थानीय तहसँग सहकार्य गरी आकस्मिक व्यवस्थापन गर्न पहल गरिने छ।

१८१. माछा, मासु, अण्डा, दुध तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न पशुपन्छी तथा मत्स्य नश्ल सुधार कार्यलाई निरन्तरता दिन उन्नत नश्लका पशुपन्छी तथा माछा भूरा र सिमेनको आयात गरी कृषकस्तरमा सेवा सुनिश्चित गरिनेछ।

१८२. निर्माणाधीन भेटेरिनरी नमूना अस्पताल, धनुषालाई निरन्तरता दिदे पशुपन्छी, मत्स्य क्षेत्रमा गुणस्तरिय विज्ञ सेवा पुर्याउन नगरपालिकाहरुमा भेटेरिनरी अस्पतालहरु स्थापना गरिनेछ। यस्ता अस्पतालहरुमा पशु उपचार सेवा, प्रयोगशाला सेवा, मोबाईल रआकास्मिक सेवाको व्यवस्था हुनेछ।

१८३. प्रदेश अन्तरगतका तालिम केन्द्रहरुको सुदृढिकरण गरी नव प्रवर्तन केन्द्र (Technical Innovation Centre) तथा प्रयोगशालाहरुलाई परीक्षण, अन्वेषण तथा विश्लेषण केन्द्र (Examination, Invention and Analysis center) को रुपमा विकास गर्दै लगिनेछ। हाल संचालित प्रयोगशालाहरुलाई व्यवस्थित र सुदृढिकरण गर्न आवश्यक मेशिनरी, ईलेक्ट्रिक र ईलेक्ट्रोनिक्स औजार, उपकरण आदिको व्यस्थापन र जनशक्तिको क्षमता अभिवृद्धि गरी सेवाको स्तरोन्नति गरिने छ।

१८४. माछाको उत्पादन बृद्धिका लागि घुम्ती मत्स्य क्लिनिक सेवा संचालन गरिनेछ। मासु ढुवानी र बजारिकरणको लागि फ्रिजरभ्यान उपलब्ध गराइनेछ।

१८५. प्रदेशको आन्तरिक स्रोत साधनमा आधारित मत्स्य तथा पशुपन्छी दाना र आहारा प्रशोधन प्रांगारिक, जैविक तथा गड्यौंले मल उत्पादन गर्ने कृषिजन्य उद्योग, डेरी उद्योग व्यवसाय स्थापना तथा संचालनमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ।

१८६. सहकारी चिनी मिल तथा धुलोदुध उत्पादन गर्ने उद्योग स्थापनाको लागि आवश्यक वातावरण तयार गरिनेछ। डी.डी.सी. ढलकेवरको सहकार्यमा दुध ढुवानीको लागि ट्याङ्कर उपलब्ध गराइनेछ।

१८७. प्रदेश सरकार तथा इच्छुक बैंक र वित्तीय संस्था, सहकारी र कृषकहरुको सह-वित्तीकरणमा सहकारी व्यवसायको ढाँचामा बिरगंज चीनी कारखाना र कृषि औजार कारखानालाई नयाँ ढंगबाट पुनःसंचालन गर्न आवश्यक पहल गरिनेछ।

१८८. संघ मातहत रहेका सरकारी कृषि फार्महरु (मत्स्य मानव संसाधन विकास तथा प्रविधि परिक्षण केन्द्र जनकपुरधाम, उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुर सर्लाही, कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र नकटाभिज धनुषा, राइजोवियम तथा घाँसेबाली बीउ विजन प्रयोगशाला जनकपुरधाम, निगौल गाई गौशाला महोत्तरी, पशुपन्छी रोग अन्वेशन प्रयोगशाला जनकपुरधाम, राष्ट्रिय पशु प्रजनन कार्यालय लहान सिरहा, घाँसेबाली आनुबांशिक श्रोत केन्द्र रञ्जितपुर सर्लाही, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधाम) लाई प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहत ल्याउन आवश्यक पहल गरिनेछ।

१८९. सिराह जिल्लाको गोलबजारमा गुणस्तरीय बीउ र बेर्नारिनश्लको उत्पादन तथा वीउबिजन, बाली संरक्षण, माटो परीक्षण एवं खाद्य प्रविधि गुण नियन्त्रणका लागि प्रदेश स्तरमा सुविधा सम्पन्न एकिकृत प्रयोगशाला सहितको एक बृहद कृषि फार्म तथा अनुसन्धान केन्द्र स्थापना कार्य प्रारम्भ गरिने छ।

१९०. कृषि यन्त्र उपकरण संचालन तथा सिँचाई कार्यलाई लागत प्रभावी बनाउन कृषि विद्युतीकरणलाई प्राथमिकता दिई सहुलियत दरमा कृषि मिटर उपलब्ध गराउन पहल गरिनेछ।

१९१. साना उत्पादक किसानहरुलाई ग्रीन हाउस, ठुला कर्पोरेट उत्पादकहरुलाई ग्रीन हाउस र नेट हाउस स्थापनामा सहयोग गरिनेछ।

**माननीय सदस्यहरु,**

१९२. भूमिको उत्पादकत्व वृद्धिको लागि जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्थापित गरिने भूमि बैंकलाई सवलीकरण र व्यवस्थित बस्ती विकास गर्दै छरिएर रहेका तथा खण्डिकृत कृषि भूमिको एकत्रिकरण गरी जोतको आकार बढाई सहकारी एंव सामुहिक खेतीलाई प्रोत्साहित गरिने छ। साथै जमिनको उत्पादन क्षमता बृद्धि गर्न कृषि भूमिको चक्कलाबन्दी कार्यको लागि विज्ञ छलफल तथा विभिन्न विकल्पहरुको पहिचान गरी आवश्यक कानून तयारी तथा चक्कलाबन्दी कार्य प्रारम्भ गरिनेछ।

१९३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न चाक्लावन्दी खेती (समुहमा कम्तीमा १० विगाह जग्गालाई चक्लाबन्दी गरी) संचालन गरिने नीति लिइएको छ। यसरी चक्लावन्दीका खेती गर्न समुहमा आवद्ध भई आउने किसानलाई कृषि पकेट क्षेत्रको रुपमा कृषि अनुदान कार्यविधि अनुसार विशेष सहुलियत प्रदान गर्ने नीति लिइएको छ।

१९४. विभिन्न प्रकारका प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि बालीमा हुने क्षतिलाई परिपुरण गर्न कृषि बीमा कार्यक्रम सञ्चातलन तथा व्यवस्थापन गरिनेछ।

१९५. पर्ती, सार्वजनिक जग्गा, नदी किनार, मठ मन्दिर, गुठी, सामुदायिक वन तथा निजी बगैंचाको जग्गालाई उत्पादनशील बनाई कृषि उपयोगिताको लागि विशेष कार्यक्रम लागू गरिनेछ।

१९६. कृषि भूमिको वैज्ञानिक उपयोगको लागि प्रदेशिक भू-उपयोग नीतिको तर्जूमा गरिनेछ। साथै आधुनिक प्रविधिको प्रयोग गरी प्रादेशिक भू-सुचना प्रणालीको विकास गर्न आवश्यक कार्य गरिनेछ।

१९७. वर्षौदेखि बसोबास गर्दै आएका तथा भूमिमा स्वामित्व नपाएका बसोबासीहरुलाई संघीय सरकारसगँको समन्वय र सहकार्यमा व्यवस्थित बसोबास तथा लालपूर्जा उपलब्ध गराउन प्रदेश स्तरीय भूमि स्वामित्व समस्या सामाधान आयोग गठन गरी समस्या सामाधान गर्ने नीति लिइएको छ।

१९८. जग्गा प्रशासनलाई चुस्त दुरूस्त बनाई सेवा र सूचना प्रवाहमा सूशासन कायम गर्न, लगतकट्टा प्रभावकारी र व्यवस्थित रुपमा सम्पन्न गर्न तथा जग्गाको मूल्याङ्कनलाई वास्तविक बनाई एकरुपता कायम गर्न स्थानीय तहहरुको समन्वयमा प्रदेश भित्रका सम्पुर्ण सरकारी, सार्वजनिक र गुठी जग्गाको अभिलेखीकरण गरी त्यस्ता जग्गाहरुको संरक्षण र समुचित व्यवस्थापनको लागि स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१९९. शहरीकरण र जग्गाको खण्डीकरण नियन्त्रण गर्न प्राथमिकताका आधारमा छूट कित्तानापीको कार्य अगाडि बढाउने छ।

२००. विकास निर्माणको लागि गरिने नापनक्शालाई राष्ट्रिय नियन्त्रण बिन्दुको संन्जालमा आवद्ध गराउन आवश्यकता अनुसार नियन्त्रण बिन्दूहरु स्थापनाको लागि प्रदेश स्तरमा संयन्त्र तयार गरी कार्य अगाडी बढाईने छ।

२०१. प्रदेशमा सहकारी प्रवर्द्धनको लागि प्रदेश सहकारी प्रवर्द्धन कोषको स्थापना गरिनेछ। त्यस्तै प्रादेशिक सहकारी तालिम केन्द्रको स्थापनाका लागि पहल गरिनेछ।

२०२. साविक साझा सहकारी संस्थाबाट ऋण लिएका ऋणीहरुको जग्गा फुकुवा सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वियन गरिनेछ।

२०३. सहकारी सेवालाई चुस्तदुरूस्त बनाउन प्रदेश सहकारी ऐन बमोजिम नियामावली तर्जुमा गरिनेछ र प्रदेश सहकारी रजिष्टारको कार्यालय स्थापना गरिनेछ।

२०४. मासु र माछाको गुणस्तरीय उत्पादन प्रवर्द्धनको लगि बाख्रा पालन, पाडा पालन, बंगुर पालन, केज र पिँजडा प्रविधिमा माछापालनमा बृद्धि गर्दै बधशाला, मासु बिक्रीकक्ष र मिट मार्ट स्थापनामा विशेष सहयोग पुर्याइनेछ। कुखुरापालनमा विशेष जोड दिइनुको साथै दाना उद्योग, ह्याचरी र अण्डा उत्पादन वृद्धि गरिने छ।

२०५. मासु ऐन तर्जुमा गरि स्वच्छ र स्वस्थ्य मासुमा छाप लगाई बेच बिखन गर्ने व्यवस्था मिलाइनेछ।

२०६. दानाको गुणस्तर नियन्त्रणको लागि प्रयोगशाला स्थापना गरिनेछ र कच्चा पदार्थको उत्पादनमा प्रोत्साहन दिइनेछ।

**माननीय सदस्यहरु,**

२०७. प्रदेश भित्र शान्ति सुरक्षा तथा प्रदेशको सेवामा समर्पित प्रहरीहरुको आत्मसुरक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रहरी कार्यालयहरुको भवन तथा पूर्वाधारको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। यस्तै प्रहरी कार्यालयहरुमा आवश्यक उपकरणहरुको व्यवस्था मिलाइनेछ।

२०८. प्रदेश भित्र अपराधिक गतिविधि नियन्त्रण गर्न विभिन्न स्थानहरुमा प्रहरी तथा स्थानीय तहहरुसँगको सहकार्यमा CC camera जडान गरी अनुगमन तथा अपराध नियन्त्रण गरिनेछ। यस्तै गस्ती तथा अपराधिक गतिविधि नियन्त्रकोलागि अत्यावश्यक सवारी साधनको व्यवस्थापन गरिने छ।

२०९. सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिँसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु प्रहरी, स्थानीय तह तथा विद्यालयहरुको सहकार्यमा संचालन गरिनेछ।

२१०. प्रदेशका सबै जिल्लामा लागू औषध दुर्व्यसन रोकथाम तथा नियन्त्रणको रोकथाममूलक र प्रवर्द्धनात्मक कार्यक्रम लागू गरिने छ।

२११. सीमा क्षेत्रमा निगरानी तथा अपराधिक घटना नियन्त्रणका लागि संघीय सरकारसँग अपराधिक घटना न्युनीकरण गर्न सहकार्य गरिनेछ।

२१२. विपत व्यवस्थापन योजना अनुसार प्रदेश भित्रका विपतका संभावित जोखिम न्यूनीकरण गर्न सचेतनमूलक तथा विपद पश्चात राहत, उद्धार तथा पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ।

२१३. प्रदेश अन्तर्गतका कारागारहरुको सुधार तथा सुधार गृहको निर्माण गरिनेछ।

२१४. प्रदेश भित्र महिला मैत्री सेफ हाउसको निर्माण गरिनेछ।

२१५. प्रविधि मैत्री सुचना तथा संचारको विकासको लागि सहकार्य गरिनेछ।

२१६. प्रदेश भित्र सुविधा सम्पन्न विधि विज्ञान प्रयोगशाला (Forensic lab) स्थापना गरिनेछ।

२१७. नीतिगत अध्ययन तथा अनुसन्धान गरी आवश्यक प्रादेशिक नीति, रणनीति, मार्गदर्शन, कार्यविधि तथा योजनाको निर्माणलाई निरन्तरता दिइनेछ।

२१८. प्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्यलाई नियमित संवाद तथा छलफलको माध्यमवाट बलियो बनाई प्रादेशिक तथा स्थानीय तहको योजनामा जनसमुदायको आकांक्षा पहिचान गरी कार्यान्वियनको लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ।

२१९. प्रादेशिक गौरवका आयोजना तथा प्रदेशभित्र संचालन हुने आयोजनाहरुको प्रभावकारी कार्यान्वियन तथा आइपर्ने समस्याहरु समयमै सामाधान गर्न अनुगमन तथा मुल्याकंन गर्ने प्रणालीको थालनी गरिनेछ।

२२०. E governance को अवधारणा अन्तर्गत प्रदेशका काम कारवाहीमा आम नागरिकहरुको सहज पुर्याउन डिजिटल सूचना मैत्री सूचना प्रविधिको विकासलाई अझ प्रभावकारी ढंगले कार्यान्वियन गरिनेछ। website तथा सूचना मैत्री Apps बाट सूचनाहरु प्रभावकारी रुपले प्रवाहित गरिनेछ।

२२१. प्रेश स्वतन्त्रतताका सर्वमान्य सिद्धान्त अनुरुप आम संचारलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित, जिम्मेवार, अनुशासित बनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ। आमसंचार क्षेत्रलाई व्यापकर प्रभावकारी वनाउन अपेक्षित सहयोग र सहकार्य गरिने छ।

२२२. कार्यक्रमको कार्यान्वियन पक्षलाई प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिने कार्य प्रणालीको थालनी अगामी आर्थिक वर्ष देखि गरिनेछ।

२२३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ। सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, पहुँच नतिजामुखी, जवापव्देही र पारदर्शी बनाई सुशासनको प्रत्याभूति गराइनेछ। यसका लागि सार्वजनिक प्रशासनको संस्थागत तथा संरचनात्मक सुधार, जनशक्ति व्यवस्थापन र पूर्वाधार विकासमा जोड दिइनेछ।

२२४. प्रदेश लोकसेवा गठन भैइसकेको र प्रदेश निजामती सेवा विधेयक यस सम्मानित सदनको समितिमा तयारी अवस्थामा रहेकोले आगामी आर्थिक वर्षमा प्रदेश निजामतीको गठन र प्रदेशको आफ्नै चुस्तदुरुसत प्रशासनको सांगठनीक संरचना रहनेछ। रहनेछ। साथै संघीय सदनले प्रहरी समायोजन र प्रदेश प्रहरीसँग समन्वयको कानून पास गरी कार्यवन्यनमा समेत लगिसकेको अवस्थामा प्रदेश प्रहरीको गठन तथा प्रदेश प्रहरी मातहतका भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

२२५. प्रदेश जनलोकपाल विधेयक यस सम्मानित सदनवाट पास भैइसकेको अवस्थामा प्रदेसमा भ्रष्टाचार नियणत्रण तथा सुशासन कायम गर्न प्रदेश जनलोकपाल गठन गरिनेछ। प्रदेश जनलोकपाललाई स्वतन्त्र पूर्वक कामकाज गर्न तथा भ्रष्टाचार गर्ने जो कोहीलाई पनि निष्पक्षताका साथ अनुसनधान गर्ने गरी स्वायत्त तथा साधन श्रोत समपन्न बनाइने छ।

२२६. जनगुनासो तथा विकासका अवरोधलाई अविलम्व सुनुवाई गर्न "जनताके साथ मुख्यमन्त्री" कार्यक्रमको थालनी गरि गुनासोतथा सुझाव संकलन तथा सामाधान गरिने कार्यको शुरुवात गरिनेछ।

२२७. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको नियमन गर्ने निकायको गठन गरी प्रदेशको प्राथमिकता अनुसार यस्ता संस्थाहरुलाई विकास तथा स्वंयसेवाको क्षेत्रमा लगाइने नीति लिइएकोछ।

२२८. "मुख्यमन्त्री स्वच्छता अभियान" अन्तर्गत प्रत्येक प्रादेशिक निर्वाचिन क्षेत्रमा कम्तिमा १/१ वटा पोखरीको सौन्दर्यीकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ। यसका साथै प्रदेश भित्रका ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गरी वातारवरण संरक्षणमा योगदान पुर्याउने र पर्यटकीय गन्तव्य स्थल बनाई स्वदेशी तथा विदेशी तीर्थ यात्रीहरुलाई प्रदेश भित्र धुम्न आकर्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२९. छात्रा शिक्षा छात्रवृत्ति मार्फत छात्राको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्राहरुलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरनतरता दिइनेछ।

२३०. मौजुदा कानूनमा आवश्यक सुधार गरी नयाँ कार्यविधि अनुसार स्थानीय तहमा पठाइने सर्शत अनुदान वितरण गरिने छ।

२३१. प्रदेश सरकारको विकास रकम प्रदेश सरकार तथा स्थानीय तहका निकायहरुलाई प्रदान गर्ने व्यवस्थालाई प्राथमिकता दिइने छ।

२३२. प्रदेशको अस्थाई राजधानीको रुपमा रहेको जनकपुरधामको भौतिक सम्पदाको विकास एवं सौन्दर्यीकरणलाई विशेष प्राथमिकता दिइने छ।

२३३. जिल्ला समन्वय समितिलाई स्थानीय तहसंगको समन्वयात्मक तथा अनुगमनको भुमीका प्रभावकारी वनाउन नीतिगत व्यवस्था गरिने छ।

२३४. वर्षेनी हुने प्राकृतिक प्रकोप तथा माहामारीसँग जुध्नको लागि प्रदेश विपत्त व्यवस्थापन प्राधिकरण गठन गरिनेछ। यसका लागि आवश्यक कानुनमा संशोधन तथा आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ।

२३५. प्रदेशको स्थायी राजधानी र नामकरणको प्रक्रिया अघि बढाउन सरकारले आवश्यक पहल गर्ने छ।

२३६. प्रदेशको समग्र विकासका लागि प्रादेशिक विकास प्राधिकरण स्थापना गरिने छ।

**माननीयसदस्यहरु,**

२३७. आ.व. २०७५।०७६ मा सम्पन्न आयोजनाहरुको भुक्तानी निर्दिष्ट समयमा गर्न नसकी भुक्तानी दिन बाँकी रहेको उक्त बक्यौता रकम आ.वं. २०७७।०७८ को बजेटमा समावेश गरी सम्बन्धित पक्षलाई भुक्तानी दिइनेछ।

२३८. यस नीति तथा कार्यक्रमले प्रदेशको सोच "उच्च मानव विकास र पहिचान, समृद्ध मधेश समाज" लाई साकार गरी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिन रोजगारको अवसर सृजना गर्न, गरिबी न्यूनीकरण गर्न र कोभिड १९ को सामाजिक आर्थिक परिवेशको प्रभावलाई न्यून गर्न मद्दत गर्नेछ।

अन्त्यमा, कोभिड १९ को माहामारी विरुद्ध एकबद्ध भएर सम्पूर्ण चुनौतिहरु सफलतापूर्वक सामना गर्न प्रदेश सरकार प्रतिवद्ध रहनेछ। साथै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वियनको लागि सम्पूर्ण सरोकारवालाहरुको सत्रिय सहयोगको अपेक्षा राखेको छु।

*धन्यवाद।*


## Invitation forSealed Quotation

### Ganeshman Charnath Municipality

### Office of the Municipal Executive

**Birendra Bazzar ,Dhanusha**

**Bid Publication date: 2077-02-26**

1. The Ganeshman Charnath municipality,Office of the municipal executive,Birendra Bazzar,Dhanushainvites electronic bids from eligible bidders for the **construction of worksas** mentioned in the table belowunder sealed quotation procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ganeshman Charnath Municipality, Office of Municipal Executive, Birendrabazar, Dhanusha or may visit e-GP system: **www.bolpatra.gov.np/egp.**
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Machhapuchhare Bank Name of Office: Ganeshman Charnath Municipality
   Office Code no. :80102119 Office Account no.: 780152 48632 79033
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2077-03-09. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2077-03-09at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha.Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   Name of the Bank: Machhapuchhare Bank Name of Office: Ganeshman Charnath Municipality
   Office Code no. :80102119 Office Account no.: 780152 48632 79076 (Sthaniya Taha Dharauti khata)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Sealed Quotation No. | Description of Works | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|
| 1 | GCM/Works/33/2076-77 | Dalit Basti Portaha ko peech sadak dekhi uttar naali tatha sadak nirman part -1 | 48000.00 | 1000.00 | SQ |
| 2 | GCM/Works/34/2076-77 | Dalit Basti Portaha ko peech sadak dekhi uttar naali tatha sadak nirman part -2 | 48000.00 | 1000.00 | SQ |
| 3 | GCM/Works/35/2076-77 | Dalit Basti Portaha ko peech sadak dekhi uttar naali tatha sadak nirman part -3 | 48000.00 | 1000.00 | SQ |

**Chief Administrative Officer**

# पानी पर्दा रातभर जाग्राम बस्न बाध्य छन् संक्रीमत

**टुडे समाचारदाता**

मलगंवा । प्रदेश २ सरकारले कोरोना विरुद्धको अभियानमा करिब २ अर्ब रुपैयाँ खर्च गरिसकेको दाबी गरे पनि सर्लाहीको आइसोलेसन र क्वारेन्टाइन अव्यवस्थित हुँदा समस्या भएको छ।

क वि ला सी नगरपालिका अगर्वास्थित श्री जनता माध्यमिक विद्यालयको आइसोलेसन वार्ड मापदण्ड अनुसार नभइ अव्यवस्थित रहेको बिरामीहरुले बताएका छन्। उक्त आइसोलेसनमा भारतबाट आएका ४ जना शंकास्पद र ३६ जना कोरोना संक्रमित बिरामीहरु रहेका छन् । कविलासीमा एकैसाथ ३६ जनामा संक्रमण देखिएपछि स्थानीय विद्यालयमा आइसोलेट गरिएको हो । सदरमुकाम मलंगवामा रहेको ५० शैयाको अस्थायी कोरोना विशेष अस्पताल(आइसोलेसन) मा राख्न बेडको अभाव भएपछि उनीहरुलाई पहिलेदेखि बस्दै आएको अगर्वास्थित माविको क्वारेन्टाइनलाई आइसोलेसन वार्डमा परिणत गरेर ४ जनालाई व्यवस्थापन गरिएको छ।



त्याहाँ ४० जना बिरामी राख्ने व्यवस्था रहेपनि एउटै शौचालय हुँदा बसिनसक्ने भएको बिरामीहरुले बताए। विद्यालयसँगै टाँसिएको चोर आइसोलेसनमा बस्नेहरुका लागि खुला शौचालय बनेको छ । एउटै कोठामा १५ जना भन्दा बढी बिरामीलाई कोंचेर राखिएको छ । नगरपालिकाले हामीलाई खाट त परै जाओस् ओढ्ने र ओछ्याउने कपडा समेत दिएको छैन। कक्षाकोठामा रहेका बेन्चहरुलाई जोडेर खाटजस्तो बनाएर जसोतसो सुत्नु परेको आइसोलेसनमा बसेका बिरामी दिनेश यादवे बताए । पानी परेको बेला प्वाल परेको जस्तापाताबाट पानी चुहिदा आफुहरुलाई रातभर जाग्राम बस्नुपरेको यादवले गुनासो गरे ।

आइसोलेसनमा बसेका अर्का बिरामी अरुण यादवका अनुसार क्वारेन्टाइनलाई आइसोलेसनमा बदलेर नगरपालिकाले राम्रो काम गरेपनि आवश्यक मापदण्ड भने पूरा गरेको छैन् । बिरामीलाई चाहिने पौष्टिक खाना र शुद्ध पानीको व्यवस्था गरिएको छैन । समयमा खाना नदिंदा सानासाना बालबालिका र अरु रोगबाट ग्रसित ब्यक्तिलाई भन्ने समस्या हुने गरेको अरुणले बताए। आफै संक्रमित हुने डरले बिरामीहरुको स्वास्थ्य जाँच र रेखदेखका लागि यहाँ एकजना पनि कर्मचारी तथा स्वास्थ्यकर्मी बस्न नचाहेकोले आइसोलेसनमा बसेको दिनदेखि हालसम्म एकपटक पनि आफुहरुको स्वास्थ्य जाँच नभएको बिरामीहरुले बताएका छन्।

सम्बन्धित पालिकाका कर्मचारी तथा जनप्रतिनिधि आफुहरुको अवस्था बारे बुझ्न एकदिन पनि नआएको उनीहरूले बताएका छन् । अव्यवस्थित आइसोलेसनमा बसेर कोरोनाबाट मुक्त हुनुको साटो अरुने कुनै रोगबाट ग्रसित हुने भयले हामीलाई सताएको छ, यादवले भने ।

आइसोलेसनको सुधार र व्यवस्थापनका लागि नगरपालिका र सम्बन्धित वडाका अध्यक्षलाई पटकपटक आग्रह गर्दै आएपनि उहाँहरुबाट आश्वासन मात्र पाएको आइसोलेसनका बिरामीहरुले बताएका छन् । नामको मात्र आइसोलेसन बनाएर बिरामीहरुलाई अलपत्र पारेको बताउँदै अबपनि यसको सुधार गरिएन भने आइसोलेसन भित्रै आफुहरु धर्नामा बस्ने उनीहरुले चेतावनी दिएका छन्। केही दिन अघि अगर्वा क्वारेन्टाइनमा बसेका ५१ जना ब्यक्तिहरु मध्ये एक जना भान्से सहित एकैसाथ ३६ जना ब्यक्तिमा कोरोना संक्रमण पुष्टि भएको थियो। अहिले सर्लाहीमा सदरमुकाम मलंगवामा ५० र हरिपुर नगरपालिकाको फरहदवामा १५ शैयाको आइसोलेसन वार्डहरु रहेको छ भने कविलासीको आइसोलेसनमा शैयाको संख्या नतोकिएको जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख मेथुर चौधरीले जानकारी दिए।

प्रदेश सरकारको नीति तथा कार्यक्रम

# प्रादेशिक सरुवा रोग नियन्त्रण अस्पताल निर्माण गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ सरकारले सरुवा रोग तथा आकस्मिक महामारीबाट बच्न एकीकृत स्वास्थ्य नीतिका साथै २ सय शैय्यासहितको प्रादेशिक सरुवा रोग नियन्त्रण अस्पताल निर्माण गर्ने घोषणा गरेको छ।

आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सरकारले बारा जिल्लाको कलैया उप महानगरपालिका १६ भिटकैया र महोत्तरीको जलेश्वरमा यो अस्पताल निर्माण गर्ने घोषणा गरेको छ।

पोषणयुक्त भोजन, व्यक्तिगत सरसफाई, सामाजिक दूरी, मास्कको प्रयोग र योगा, आयुर्वेदिक-यूनानी जस्ता वैकल्पिक उपचार विधीहरुको उप्युक्त प्रयोग गरी नागरिकहरुको रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि ल्याउन कार्यक्रम संचालन गरिने पनि प्रदेश सरकारले जनाएको छ।

सरकारले कोरोना महामारीले जनजीवन र जनजीविकामा पारेको असरलाई न्यून गर्न राहतका विशेष योजनाहरु संचालन गर्ने भनेको छ।

स्वास्थ्य क्षेत्र र कोरोनासँग जुभ्न्ने जिम्मेबारीमा रहेका सबै राष्ट्रसेवकका लागि बिमा सुविधा, पिपिई किटको उपलब्धता, आवासीय सुविधा लगायत मनोबल बढाई उहाँहरुले पुऱ्याउने सेवामा प्रभावकारिता ल्याउन आवश्यक प्रबन्धनलाई सुदृढ बनाइनेछ। यस कार्यमा तत्काल सेवामा जुटन सक्ने दक्ष जनशक्ति र स्वयंसेवकको आपूर्ती नीजि र गैर सरकारी क्षेत्रहरुबाट पनि गरिनेछ । कोरोना नियन्त्रण र उपचारमा नीजि क्षेत्रका स्वास्थ्य संस्थाहरुको प्रभावकारी उपयोग गरिनेछ।

नियमित खोप सेवा, नियमित स्वास्थ्य परीक्षण र उपचार सेवालाई रोकिन नदिन सजगता अपनाई प्रभावकारी उपायहरु अबलम्बन गरिनेछ।

युवा स्वरोजगार तथा उद्यम विकास' कार्यक्रम

प्रदेश सरकारले कोरोनाका कारण रोजगार गुमाएका युवाका लागि 'युवा स्वरोजगार तथा उद्यम विकास' कार्यक्रम संचालन गर्ने भएको छ।

स्वरोजगारका अवसर सृजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउन एव् वैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाको ज्ञान, सीप, क्षमता र पूँजीलाई प्रभावकारी रुपमा उपयोग गर्न आवश्यक व्यवस्था गरिनेछ।

रोजगार सृजना गर्न स्थानीय तहसँगको सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकुल लागू गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

दलित तथा विपन्न वर्गहरुको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि प्रदेशका आठ वटै जिल्लामा प्रदेश प्रमुख रोजगार कार्यक्रम संचालन गरिनेछ । साथै प्रदश प्रमुख नैतिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

प्रदेश दलित सशक्तिकरण ऐनको कार्यान्वयनमा जोड दिदैं दलित विकास समिति र उच्चस्तरीय जातीय छुवाछुत अनुगमन समिति गठन गरिनेछ।

बेटी पढाउ बेटी बचाउ अभियानलाई अभ्र परिस्कृत र सशक्त ढँगले अगाडि बढाएने छ। अभियान अन्तर्गत छोरी शिक्षा, छात्रबृत्ति, छोरी लोकसेवा तयारी कक्षा, आदर्श विवाह, साइकल बितरण र छोरीहरुको राज्य संरचना ५० प्रतिशत सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

जैविक विविधताको संरक्षण तथा सम्बर्द्धनको लागि धनुषाको धनुषाधाममा एउटा चिडियाघर निर्माण गर्ने नीति पनि प्रदेश सरकारले लिएको छ।

आगामी आर्थिक बर्षभित्र विस्तृत परियोजना प्रतिवेदनसहितको प्रदेश आयोजना बैंकको निर्माण गरी प्रादेशिक गौरबका आयोजनाहरुको पहिचान गरिनेछ।

यस्ते, प्रदेशका जनताहरुको वित्तिय पहुँच अभिबृद्धि गरी पूँजी निर्मणमा सहयोग पुऱ्याउन प्रदेश विकास बैंक स्थापनाका लागि आवश्यक प्रकृया पूरा गरी संचालन गरिनेछ।

बीरगंजमा प्रविधी विश्व विद्यालय र सप्तरीमा कृषि कलेज स्थापना गरी क्रमशः कृषि विश्व विद्यालयमा स्थापना गरिनेछ ।

प्रदेश सरकारले महिला सशक्तिकरणका लागि प्रादेशिक महिला आयोग गठन गर्ने लक्ष्य पनि लिएको छ।

आगामी आर्थिक बर्षका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा धेरै कुराहरु चालू आ.ब.कै नीति तथा कार्यक्रमबाट समेटिएको छ।

खेत-खेतमे पानी, हात-हातमे काम, प्रत्येक पालिकालाई सदरमुकामसँग जोड्ने, प्रादेशिक परिवहन सेवा, संघीयताका लागि आन्दोलन गरेका स्व. गजेन्द्रनारायण सिंह र गणतन्त्रवादी नेता स्व. रामराजा प्रसाद सिंहको शालिक निर्माणजस्ता बिषय पुराने नीति तथा कार्यक्रमबाट राखिएको छ।

# एम्बुलेन्सबाट चरेस बरामद, तीन पक्राउ

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीमा एम्बुलेन्सले लागूऔषध बोकेको पाइएको छ। ८ किलो चरेश लोड गरी भारततर्फ लग्ने क्रममा सर्लाहीको मलंगवा नगरपालिकाबाट एम्बुलेन्ससहित तीन जनालाई नियन्त्रणमा लिएको सर्लाही प्रहरीले जनाएको छ।

मलंगवा नगरपालिका ८ स्थित भिलमिलीया माई मलंगवा ८ का रामदुलार रायलाई ८ किलो चरेससहित पक्राउ गरिएको हो । उनीसँग सोधपुछ गर्दा ज.१च १४०७ नम्बरको एम्बुलेन्स चालक मोहन राय यादव समेतले एम्बुलेन्समा राखी भारततर्फ पुऱ्याउन भन्ने बयान दिएको सर्लाही प्रहरीका प्रबक्ता मदन कुँवरले जानकारी दिए।

त्यसपछि चालक यादव र उनका सहयोगी नथुनी ठाकुरलाई




मन्दिरको बाटो भएर भारततर्फ जाँदै गरेका एक व्यक्तिको साथबाट ८ किलो चरेश बरामद भएपछि सो चरेश एम्बुलेन्समा लोड गरेर भारततर्फ लग्न खोजेको योजना सार्वजनिक भएको छ। नियन्त्रणमा लिएर एम्बुलेन्सको तलासी गर्दा १ सय ३५ ग्राम चरेस फेला परेको कुँवरले बताए। तीनै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान थालिएको उनले बताए।

# कालोबजारी नियन्त्रण पहिलो प्राथमिकता



**बृजमान तामाङ**

बीरेन्द्रबजार(सप्तरी)।सप्तरीका प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले कालोबजारी नियन्त्रणलाई पहिलो प्राथमिकतामा राख्ने बताएका छन । चार दिन अगाडी ईलाका प्रहरी कार्यालय कंचनपुरमा सरुवा भइ आएका डिएसपी सिंहले आईतवार आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन । कार्यालय परिसरमा पत्रकारहरुसंग कुराकानी गर्दै सिंहले बन्दाबन्दीको मौका छोपेर दैनिक उपभोग्य बस्तुमा अभाव सिर्जना गरि कालोबजारी गरेको पाईएमा कारबाही गर्ने बताए।

दैनिक उपभोग्य बस्तुमा कालोबजारी गरेको जनगुनासो बढेको कुरा आएको छ डिएसपी सिंहले भने, बजारमा अभाव सिर्जना गरि उपभोक्ता ठग्ने कार्य निरुत्साहित गर्ने पहिलो प्राथमिकतामा राखेको छु।बन्दाबन्दीमा नागरिकको जनजीवन सहज बनाउन स्थानीय तहसंग सहकार्य गरि अगाडी बढ्ने डिएसपी सिंहले प्रतिबद्धता व्यक्त गरे । भेदभाव रहित प्रहरी सेवा प्रदान गर्ने बताउदे सिंहले कसैको दवाब वा प्रभावमा नपरी गैर कानुनी कार्य गर्ने कसैले छुट नपाउने बताए । सामाजिक बिकृतीको रुपमा भाङ्गिदै गएको लागू औषध र मादक पदार्थ सेवन तथा ओसार पसारमा कडाई गरि अबैध सामान तस्करी नियन्त्रणमा प्रहरी सक्रियता बढाउने डिएसपी सिंहले पत्रकारहरु समक्ष प्रतिबद्धता व्यक्त गरे।

डिएसपी सिंहले नागरिक संग सहकार्य गरि अपराधिक घटना हुन नदिने बताए। पत्रकार र प्रहरी एक सिक्काको दुई पाटो रहेको भन्दै डिएसपी सिंहले प्रहरीले गरेको गल्ती औंलाई दिन अनुरोध गरे। पत्रकारको सहयोगले अपराधीक घटनामा संलग्न अभियुक्तहरु समात्न प्रहरीलाई सफलता हासिल भएको उदाहरण दिदै डिएसपी सिंहले पत्रकारसंग सहकार्य गरेर अगाडी बढ्ने बताए।

हात्ती आतंकबाट कसैले त्रसित हुनु नपर्ने बाताबरण सिर्जना गर्न कुनै कसर बाँकी नराख्ने समेत डिएसपी सिंहले बताए । ईलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी मकेन्द्र कुमार मिश्राको सरुवा भएपछि प्रमुखको रुपमा सिंह आएका हुन । यसपुर्व डिएसपी सिंह बागमती प्रदेश दंगा नियन्त्रण कार्यालय हेटौंडामा थिए।

# भरुवा बन्दुक र बारुदसहित दुई पक्राउ

**टुडे समाचारदाता**

लहान। सिरहा प्रहरीले भरुवा बन्दुक र त्यसमा प्रयोग हुने छर्रा तथा बारुदसहित दुई जनालाई पक्राउ गरेको छ।

गोलबजार नगरपालिका वडा नम्बर ३ जम्दह कुपगैरी क्षेत्रबाट उनीहरुलाई आईतबार पक्राउ गरेको हो। पक्राउ पर्नेमा सोही ठाउँका ६९ बर्षीय कुलबहादुर पुर्वछाने र ६२ बर्षीय तिलकबहादुर थापा छन्।

इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान शुरु गरिएको सिरहा प्रहरीका प्रबक्ता बिनोद घिमिरेले जानकारी दिए।



# मारुती सिमेन्ट उद्योगमा मजदुरको मृत्यु




**टुडे समाचारदाता**

ल्हान । सिरहास्थित मारुती सिमेन्ट उद्योगमा एक जना मजदुरको ज्यान गएको छ । गोलबजार नपा ९ चोहर्वामा रहेको मारुती सिमेन्ट उद्योगमा नयाँ प्लान्टबाट लडेर एक भारतीय मजदुरको आइतबार अपरान्ह ज्यान गएको हो।

मारुती सिमेन्ट उद्योगको निर्माणाधिन प्लान्टको करिव ४५ फिट उचाईबाट लडेर घाइते भएका भारतको गुहाटीका मो.महर अलीको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

नयाँ प्लान्टको प्रि-हिटरबाट खसेर गम्भीर घाइते भएका अलीको कर्जन्हास्थित फुलकुमारी महतो मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी सन्तुलाल जयसवालले जानकारी दिए।

शव पोष्टमार्टमको लागि रामकुमार उममाप्रसाद स्मारक अस्पताल लहान लगिएको छ।

# ज्यूँदै जलाउने व्यक्ति समातिए

**टुडे समाचारदाता**

गौर। रौतहटको तत्कालिन राजपुर फरहदवा गाविस ४ (हाल राजपुर नगरपालिका ४) मा ज्यूँदै रहेका मान्छेलाई इँटा उद्योगमा चिम्नीमा जलाउनेमध्येका एक व्यक्ति पक्राउ परेका छन्। पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगरपालिका ४ (साविकको हरिपुर गाविस ४) निवासी ५५ बर्षीय मुक्ति शाह छन्। त्यस बेला इँटा उद्योगमा मिस्त्रीको काम गर्ने शाहलाई प्रदेश प्रहरी कार्यालय, जनकपुरधामबाट खटिएको ब्यूरो टोलीले भारतीय सिमावर्ती सिम्रौनगढ नगरपालिका ८ बाट शनिबार राति पक्राउ गरिएको प्रदेश प्रहरी प्रमुख डिआइजी धीरज प्रताप सिंहले बताए।

श्रीनारायण राजपुतको जाहेरीले नेपाल सरकार बादी रहेको कर्तव्य ज्यान मार्नेमुद्दामा उनलाई पक्राउ गरिएको सिंहले बताए। पक्राउ परेका शाहले तत्कालिन काँग्रेस नेता आफताब आलमको निर्देशनमा आफूले मृत्यु भएका २/३ जना र घाइतेभएका १६ जना जतिलाई ट्याक्टरमा लिएर इँटा उद्योगको चिम्नीमा जलाएको बयान दिएको सिंहले बताए।

रौतहटको राजपुर फरहदवा गाविस ४ (हाल राजपुर नगरपालिका ४) स्थित शेख इद्रिसको गोठघरमा चैत २८ गते हुने संविधानसभाको चुनावलाई लक्षित गरी धाँधली गरी चुनाव जित्नका लागि आफताव आलमले चैत २७ गते बिष्फोटक पदार्थ स्टोर गरी बम बनाउन लगाएका थिए। त्यस क्रममा क्रममा बिष्फोट हुँदा श्रीनारायण सिंहका छोरा पिन्टु भनिने त्रिलोकप्रताप सिंह समेत १५/१६ जना घाइते र २/३ जनाको मृत्यु भएको प्रहरीको भनाई छ। घट्नापछि शाहले आलमकै निर्देशनमा मृतक र घाइतेहरूलाई ट्याक्टरमा लोड गरी नजिकैको राजा इँटा उद्योगमा लगी जलाइएको बयान प्रहरी समक्ष दिएका छन्।

**नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com